**सर्पको टोकाईबाट बचौं र बचाऔं**

- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक)तिर नलागौं,
- आफ्नो नजीकको सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ साउन २३ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 08 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४१

## महानगरका विद्यालय खुले, गाउँका एक सातापछि खुल्ने

प्रस, वीरगंज, २२ साउन/

वीरगंज महानगरभित्रका



तस्वीरः नितेश कर्ण

विद्यालयहरू आज आइतवारदेखि खुलेका छन्। महानगरपालिकाले वार्षिक बिदामा कट्टा हुने गरी साउन १ देखि २० गतेसम्म गर्मी बिदा घोषणा गरेको थियो।

२० गते शुक्रवार र भोलिपल्ट शनिवार परेकोले आइतवारदेखि विद्यालय सञ्चालनमा आएका हुन्। महानगरले अनिवार्यरूपमा यो बिदा लागू गर्न र नगर्ने विद्यालयहरूलाई कारबाई गर्ने चेतावनी दिए पनि प्रभावकारी अनुगमन नहुँदा केही संस्थागत र सामुदायिक विद्यालयहरू सञ्चालनमा थिए। सामुदायिक विद्यालयहरूले परीक्षाको बहानामा विद्यालय सञ्चालन गरे भने केही संस्थागत विद्यालयहरूले यसअघि नै गर्मी बिदा दिइएकाले सञ्चालनमा रहेको जनाए।

*प्रस, सेढवा/*

अत्यधिक गर्मीको कारण बन्द रहेको पर्सा जिल्लाका १३ वटा पालिकाका विद्यालयहरू एक सातापछि खुल्ने भएका छन्।

महानगरका विद्यालयहरू आजदेखि सञ्चालनमा आए पनि दशवटा पालिकाका सामुदायिक विद्यालय साउन २९ गते आइतवारदेखि र ठोरी, जीराभवानी र पटेर्वासुगौली गाउँपालिकाका विद्यालयहरू भदौ ५ गतेदेखि सञ्चालनमा आउने भएका छन्।

## १३ वटा सामुदायिक विद्यालय कालोसूचीमा

प्रस, वीरगंज, २२ साउन/

वीरगंज महानगरपालिकाले एकीकृत आपत्कालीन व्यवस्थापन सूचना प्रणाली (आइइएमआइएस) अद्यावधिक नगरेको भनेर १३ वटा सामुदायिक विद्यालयलाई कालोसूचीमा राखेको छ।

महानगरको शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्दलाल कर्णले तोकिएको समयमा आइइएमआइएस अद्यावधिक नगरेको भन्दै महानगरका १३ वटा विद्यालयलाई कालोसूचीमा राखेको र उनीहरूलाई प्राप्त हुने सुविधाबाट वञ्चित गरिने बताएका छन्।

आइइएमआइएस अद्यावधिक गर्न महानगरपालिकाभित्रका सामुदायिक, संस्थागत विद्यालयहरूलाई साउन १५ गतेसम्म समय प्रदान गरिएको थियो। सो समयमा अद्यावधिक नगरेको भन्दै त्रिजुद्ध, नेराविमावि श्रीपुर, विश्व हिन्दू संस्कृत आधारभूत विद्यालय, सिन्दुरियामाई आधारभूत विद्यालय, मकतब इनरुवा, नेरा आधारभूत विद्यालय अपौनी, प्रसोतीपुर, परवानीपुर, मनियारी, रामजानकी आधारभूत विद्यालय रामगढवा, मदर्सा इस्लामिया आधारभूत विद्यालय सुगौली बिर्ता, नेपाल रेडक्रस आधारभूत विद्यालय लक्ष्मीपुर बेलवा र आदर्श बालविकास आधारभूत विद्यालयलाई कालोसूचीमा राखेको र विद्यालयले प्राप्त गर्ने कुनै पनि सुविधा निकासा तथा अनुदानबाट विद्यालय वञ्चित हुने र सोको जिम्मेवार सम्बन्धित विद्यालयका प्रअ हुने बताइएको छ।

यस विषयमा केही प्रअहरूले महानगरको अदूरदर्शिताको परिणाम विद्यालयले भोग्नुपरेको प्रतिक्रिया दिएका छन्। महानगरले दिएको समयावधि अनुचित भएको उनीहरूले बताए। विद्यालयहरूमा बिदा रहेको, केही विद्यालयमा परीक्षा भइरहेको तथा अन्य कारणले व्यस्त भइरहेका बेला आइइएमआइएस अद्यावधिक गर्न मनपाको शैक्षिक शाखाले भनेको प्रअहरूले प्रतिक्रिया दिए।

यसैगरी, उनीहरूले महानगरका अधिकांश सामुदायिक विद्यालय प्रविधिमैत्री नभएको र आइइएमआइएस अद्यावधिक गर्न कम्प्युटर जानेको हुनुपर्नेमा ती समस्याले पनि अद्यावधिक गर्न नसकेको बताएका छन्। प्रअहरूले विद्यालय प्रविधिमैत्री नभएका कारण विद्यालयसम्बन्धी सम्पूर्ण गतिविधि अद्यावधिक गर्न नसकेको बताएका छन्। महानगरले सर्वप्रथम सबै सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउनुपर्ने, अनिमात्र आइइएमआइएस अद्यावधिकको नियम लगाउनुपर्ने प्रअहरू बताउँछन्।

## पर्सामा करार कर्मचारीहरू धमाधम हटाइँदै

प्रस, वीरगंज, २२ साउन/

वीरगज महानगरले करारका



अध्यक्ष गुप्तालाई ध्यानाकर्षण गराउँदै करारका कर्मचारी। तस्वीरः प्रतीक

कर्मचारी हटाउन थालेपछि अहिले पर्साका अधिकांश पालिकाले पनि करारका कर्मचारी हटाउन थालेका छन्।

विगतका स्थानीय पालिका प्रमुखहरूले आफ्नो पक्षका कर्मचारीहरू भर्ना गरेको भन्दै नयाँ पालिका प्रमुखहरूले कर्मचारी हटाउन थालेपछि अधिकांश पालिकामा विवाद शुरू भएको छ।

वीरगंज महानगरले दैनिक ज्यालादारीका कर्मचारीहरूलाई हटाएको थियो। पर्सा र बाराका अधिकांश पालिकाले करार सेवाका कर्मचारीहरूलाई हटाउन थालेपछि बहस शुरू भएको हो।

करारमा नियुक्ति पाएका कर्मचारीहरूलाई हटाउन पालिकाले केही शर्तहरू पालना गर्नुपर्ने कानूनमा व्यवस्था छ। ती शर्तहरू पालन गर्न नसकेपछि पर्साको सखुवाप्रसौनी गाउँपालिकाले करारका कर्मचारीहरूलाई हटाउन नयाँ उपाय अपनाएको छ। अहिले सो गापामा करारका कर्मचारीहरू आन्दोलित छन्। कर्मचारीहरूले ज्ञापनपत्र बुझाएर चरणबद्ध आन्दोलनको घोषणा गरेका छन्। नयाँ कार्ययोजना अनुसार सो पालिकाले करारका कर्मचारीहरूलाई हटाउन उनीहरूको कार्य मूल्याङ्कन गरी विपक्षका केही कर्मचारीहरूलाई हटाउँदै आफ्नो पक्षका कर्मचारीहरूलाई नियुक्त गरेको छ।

कार्य मूल्याङ्कनमा हटाउनुपर्ने वा विपक्षका कर्मचारीहरूको कम र आफ्नो पक्षका नयाँ कर्मचारीहरूको बढी मूल्याङ्कन गरी नम्बर दिएको बताइन्छ। कार्य मूल्याङ्कन गर्दा तपाईंले गरेको काम चित्तबुझ्दो नभएको भन्दै पटक-पटक पत्राचार गरिएको छ।

छिपहरमाई गापाले पनि १४६ जना कर्मचारीलाई साउनदेखि म्याद नथप्ने निर्णय गरेपछि सो पालिकामा पनि विवाद शुरू भएको छ। सो गापामा रहेका नेता

(बाँकी अन्तिम पातामा)

## समीक्षा अवधिको तुलनामा ४५ प्रतिशत बढी राजस्व सङ्कलन

प्रस, वीरगंज, २२ साउन/

वीरगंज महानगरपालिकाले समीक्षा



वीरगंज महानगरपालिका कार्यालय। तस्वीरः फाइल

अवधिको तुलनामा ४५ प्रतिशतभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

समीक्षा अवधिमा महानगरपालिकाले सङ्कलन गरेको राजस्वको तुलनामा आव २०७८/७९ मा ३० करोड ५६ लाखभन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको प्रमुख कार्यकारी अधिकृत लक्ष्मी पौडेलले जानकारी दिए। आव २०७७/७८ मा महानगरपालिकाले रु ६६ करोड ८८ लाख ९४ हजार राजस्व सङ्कलन गरेको तुलनामा आव २०७८/७९ मा रु ९७ करोड ४५ लाख ८३ हजार राजस्व सङ्कलन गर्न सफल भएको छ। यो समीक्षा अवधिको तुलनामा ४५.७० प्रतिशत बढी हो।

महानगरपालिकाले गत आवमा सबैभन्दा बढी घरजग्गा रजिस्ट्रेशन दस्तुरबाट राजस्व सङ्कलन गरेको थियो। समीक्षा अवधिमा महानगरपालिकाले रु २० करोड ९९ लाख २३ हजार सङ्कलन गरेको तुलनामा गत आवमा रु २५ करोड २४ लाख ३५ हजार बढी अर्थात् रु ४६ करोड २३ लाख ५९ हजार सङ्कलन गर्न सफल भएको छ। यो समीक्षा अवधिको तुलनामा १२०.२५ प्रतिशत बढी हो।

त्यसैगरी, महानगरपालिकाले सम्पत्ति कर शीर्षकमा समीक्षा अवधिको तुलनामा १२ प्रतिशत बढी राजस्व सङ्कलन गर्न सफल भएको छ।

समीक्षा अवधिमा कार्यालयले १५ करोड २१ लाख ८७ हजार रुपियाँ राजस्व सङ्कलन गरेको तुलनामा गत आवमा एक करोड ८६ लाख ५२ हजार बढी अर्थात् १७ करोड ८ लाख ३९ हजार सङ्कलन गर्न सफल भएको वीरगंज महानगरपालिकाको राजस्व शाखाका प्रमुख राजकृष्ण ताम्राकारले जानकारी दिए।

## वीरगंज नाकाबाट इन्धनको आयातमा उलेख्य वृद्धि

प्रस, वीरगज, २२ साउन/

घट्दै गएको वैदेशिक मुद्राको



तस्वीरः फाइल

सञ्चिति सन्तुलित गर्न इन्धनलगायत विलासी वस्तुको आयात सङ्कुचित गर्ने नेपाल सरकारको प्रयासका बावजूद वीरगंज नाकाबाट इन्धनको आयातमा उल्लेख्य वृद्धि भएको छ।

आर्थिक वर्ष २०७७/७८ को तुलनामा गत आव २०७८/७९ मा वीरगंज नाकाबाट १०७ प्रतिशत बढी डिजल, पेट्रोल, मटीतेल, हवाई इन्धन र १० प्रतिशत बढी खाना पकाउने एलपी ग्याँस आयात भएको हो।

आव २०७७/७८ मा वीरगंज नाकाबाट छ अर्ब तीन करोड ३६ लाख रुपियाँको १५ लाख ९१ हजार १३३ किलोलिटर डिजल, पेट्रोल, मटीतेल र हवाई इन्धन आयात भएकामा गत आवमा एक खर्ब ७७ अर्ब आठ करोड ७७ लाख मूल्यको ३२ लाख ९३ हजार ५३८ किलोलिटर इन्धन आयात भएको छ।

यो समीक्षा अवधिको तुलनामा ९१ अर्ब ८५ करोड ४१ लाख मूल्यको १७ लाख दुई हजार ४०५ किलोलिटर बढी इन्धन आयात भएको हो।

समीक्षा अवधिको तुलनामा गत आवमा डिजलको आयात ११ प्रतिशत, पेट्रोल २५ प्रतिशत, हवाई इन्धन २,४८० प्रतिशतले बढेका छन् भने मटीतेलको आयात ३६ प्रतिशतले कम भएको छ।

इन्धनसँगै वीरगंज नाकाबाट खाना पकाउने एलपी ग्याँसको आयातसमेत बढेको वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिए। उनले आव २०७७/७८ मा वीरगंज नाकाबाट १९ अर्ब एक करोड दुई लाख मूल्यको दुई लाख २९ हजार २१६ मेट्रिक टन ग्याँस आयात भएको तुलनामा गत आवमा १५ अर्ब ३८ करोड ४६ लाख बढी अर्थात् ३५ अर्ब १९ करोड ७४ लाखको दुई लाख चार हजार ८२४ मेट्रिक टन ग्याँस आयात भएको बताए। यो समीक्षा अवधिको तुलनामा सात प्रतिशत बढी मूल्यको १० प्रतिशत बढी ग्याँस आयात भएको हो।

इन्धन तथा खाना पकाउने ग्याँसको आयातसँगै वीरगज भन्सार कार्यालयको राजस्वमा समेत उल्लेख्य वृद्धि भएको छ।

वीरगंज नाकाबाट आयात हुने इन्धनबाट समीक्षा अवधिमा ४६ अर्ब १४ करोड ४० लाख राजस्व सङ्कलन भएको तुलनामा गत आवमा ४४ अर्ब दुई करोड २८ लाख बढी अर्थात् ९० अर्ब १६ करोड ६९ लाख सङ्कलन भएको सूचना अधिकारी गुप्ताले जानकारी दिए। उनले समीक्षा अवधिको तुलनामा गत आवमा इन्धन आयातबाट सङ्कलित राजस्वमा ९५.४० प्रतिशतले वृद्धि भएको बताए। वीरगंज नाका प्रयोग गरी नेपालका लागि ७० प्रतिशतभन्दा बढी इन्धन र ८५ प्रतिशतभन्दा बढी खाना पकाउने एलपी ग्याँस आयात हुने गरेको छ।

## विद्युत् प्रसारण लाइन भूमिगत गर्न ढिलाइ

प्रस, वीरगंज, २२ साउन/

वन तथा वातावरण मन्त्री प्रदीप यादवले नेपाल विद्युत् प्राधिकरणलाई पर्सा राष्ट्रिय निकुञ्ज हुँदै बाराको पिलुवादेखि पूर्व गढीमाई जाने मोडसम्म करीब चार हजार ८३० मिटर लम्बाइको ३३ केभी क्षमताको विद्युत् प्रसारण लाइन भूमिगत गर्नको लागि अनुमति प्रदान गरेका छन्।

वीरगंज-पथलैया औद्योगिक कोरिडोरका उद्योगहरूका साथै घरायसी प्रयोजनका विद्युत् प्रसारण लाइनमा बारम्बार विद्युत् ट्रिपिङ हुने, विद्युत् अवरुद्ध हुने, विद्युत्को गुणस्तर न्यून रहने गरेकामा ती समस्या समाधानको लागि ३३ केभी विद्युत् प्रसारण लाइनलाई भूमिगत गर्न वीरगंज उद्योग वाणिज्य सङ्घले सरोकारवाला निकायसमक्ष पहल गर्दै आइरहेकोमा अख्तियारी प्राप्त व्यक्ति र निकायको उदासीनताले सो कार्य गर्न ढिलाइ भइरहेको थियो।

वन तथा वातावरण मन्त्रालयको गत बुधवार बसेको बैठकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट पेश भएका सम्पूर्ण शर्तको पालना गर्नेगरी हालको १३२ केभी प्रसारण लाइनको "राइट अफ वे"को भोगाधिकारको जग्गाभित्र पर्ने गरी ३३ केभी क्षमताको भूमिगत विद्युत् प्रसारण लाइन निर्माण गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुमति प्रदान गर्न निर्णय गरेको मन्त्री यादवको सचिवालयबाट जानकारी प्राप्त भएको वीउवासङ्घले जानकारी गराएको छ।

## विचारसार र सूक्तिहरू

**निकटता छ भने संशय हुँदैन, संशय दूरीबाट जन्मन्छ। त्यसैगरी आफूमाथि संशय हुनु आत्मविश्वासको कमी हो। समर्पण, निकटता र घनिष्ठताले संशयको निरोध गर्छन्।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## पेशागत मर्यादा देखिएन

**निजगढ नगरपालिकामा अहिले प्रमुख प्रशासकीय अधिकृतको विषयले तुल समातेको छ। एकजना प्रमुख प्रशासकीय अधिकृतलाई सचिवस्तरको बैठकले भर्खरै साउन ११ गते सरुवा गर्ने निर्णय गर्‍यो। तर सरुवापुर्जी नबुझ्दै मन्त्रालयले सोही नपा र पदमा कार्यरत रहने गरी सरुवा बदर गरेर पुनर्बहाली गरेपछि निजगढ नगरपालिकामा विवाद चुलिएको हो। त्यहाँका नगरप्रमुखलाई मन्त्रालयको पुनर्बहाली पचेन र उनले प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा ताला लगाइदिए। यसबीचमा सचिवस्तरीय निर्णयबाट सरुवा भएका प्रमुख प्रशासकीय अधिकृत रवाना नहुँदै सो नगरपालिकामा सरुवा भएर आएका नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिरी गराइएको छ। हाजिरी गरेका प्रमुख प्रशासकीय अधिकृतमाथि दबाब बढेपछि उनले सो स्थानमा नआउने फोनबाट बताए। पहिलेदेखि रहेका प्रमुख प्रशासकीय अधिकृतको पक्षमा निजगढ नगरपालिकाका बहुमत बोर्ड सदस्यहरू छन्। नगरप्रमुख एमालेबाट जितेका हुन् भने बहुमत बोर्ड सदस्यहरू सत्तासीन पाँच दलीय गठबन्धनका हुन्।**

**प्रमुख प्रशासकीय अधिकृतको विषयलाई अहिले राजनीतिक चोलो पहिर्‍याउने कार्य भएको छ। नगरप्रमुख कुनै पनि हालतमा पुरानो प्रमुख प्रशासकीय अधिकृतलाई ल्याउने पक्षमा छैनन् भने बहुमत बोर्ड सदस्यहरू पुरानै प्रमुख प्रशासकीय अधिकृतको पक्षमा छन्। सरुवा भइआएका प्रमुख प्रशासकीय अधिकृतले हाजिर भएर पनि आफ्नो बोली फेरेका छन्। उनले अब निनपामा आउन नसक्ने भनेर असमर्थता जाहेर गरेका छन्। सत्तामा रहेका दलहरूको विपक्षमा कर्मचारी जान सक्दैनन्। किनभने नेपालको कर्मचारी संयन्त्र अहिले पूर्णरूपमा राजनीतीकरणको शिकार भएको छ। सबै ठूला-साना दलको आआफ्नो कर्मचारी सङ्गठन छन्। पेशागत सङ्गठन भनिए पनि राजनीतिक आदेशको पालना बढी हुने गर्छ। यस विद्यमान अवस्थामा सत्तासीन दलका कर्मचारीहरूको चुरीफुरी चल्नु स्वाभाविक हो। नेपालमा यो नयाँ रोग पनि होइन। अहिले सरकारमा बसेकाहरूबाट गरिएको नयाँ र नौलो घटना पनि होइन। जसको सरकार आए पनि यसै प्रकारका प्रवृत्ति हाबी हुँदै आएका छन्। कर्मचारी आफ्नो पेशाप्रति वफादार हुनुपर्छ। राजनीतिक परिवर्तनबाट जसको पनि सरकार बन्छ। कर्मचारीहरू देशको संविधान र कानूनले निर्देशित गरेका कार्य गर्न पछि पर्नुहुँदैन।**

**एकजना कर्मचारीको सरुवा हुन्छ भने अर्को कर्मचारी नै आउने हो। उसले पनि सोही नियम कानूनमा रहेर कार्य गर्ने हो। यसो गर्दा कर्मचारीहरूको मनोबल बढ्छ। तर दलहरूको ओत लागेर कमाइ हुने ठाउँमा सरुवा गराएर मौकाको फाइदा उठाउने कर्मचारी जमातको हालीमुहाली चलिरहेकाले पेशागत सङ्गठन सिद्धान्तमा चल्न सकेका छैनन्। यही कमजोरीको फाइदा उठाउँदै आएका छन्, राजनीतिक दलहरू। निजगढ नपामा पनि यही भएको हो। प्रमुख प्रशासकीय अधिकृतको सरुवा सामान्य विषय हो। तर मैले भनेकै व्यक्ति आउनुपर्छ र मैले नचाहेकै व्यक्ति जानुपर्छ भन्ने मानसिकता अनि त्यसमा राजनीतीकरणका कारण अहिले निजगढ नपामा विवाद चुलिएको हो।**

# विद्यालय र विद्यार्थीको परिवारबीच सम्बन्ध

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**विद्यालय जुन उद्देश्यको प्राप्तिका लागि प्रयासरत छ, त्यसलाई विद्यार्थीको परिवारको सहयोगबेगर हासिल गर्न सकिँदैन। शिक्षकहरूले पनि अभिभावकको परिस्थितिमाथि सहानुभूतिपूर्वक विचार-विमर्श गर्नुपर्छ र अभिभावकले पनि विद्यालयको स्थिति बुझिदिनुपर्छ।**

विद्यार्थीहरूको चौतर्फी विकासका लागि विद्यालय र विद्यार्थीको परिवारबीच सुमधुर सम्बन्ध हुनु धेरै आवश्यक हुन्छ। विद्यार्थीहरू विद्यालय भन्दा बढी समय घरमा व्यतीत गर्छन्। यस कारण पनि उनीहरूको सन्तुलित व्यक्तित्व विकासको लागि विद्यालय र परिवार दुवैको भूमिका महत्त्वपूर्ण हुन जान्छ। यदि विद्यार्थीको घरको वातावरण विद्यालयको वातावरणभन्दा विपरीत छ भने विद्यार्थीको विकासमा नराम्रो प्रभाव पर्छ। परिणामस्वरूप विद्यार्थीहरूलाई सही र गलतको पहिचान गर्न गाह्रो हुन्छ वा उसले गर्न सक्दैन। यदि गर्छ भने पनि शङ्कास्पद स्थिति बनिरहन्छ। यस कारण विद्यार्थीको परिवार र विद्यालयबीच आपसी सम्बन्ध मधुर हुनु अति आवश्यक छ जुन हिजो आज देखापरिरहेको छैन।

विद्यालय र परिवारबीच हुने सुमधुर सम्बन्धको सकारात्मक प्रभाव विद्यार्थीहरूको व्यक्तित्वमाथि पर्छ। यस कारण विद्यालय र घरको वातावरणमा समानता हुनुपर्छ। यो समानता नभएकै कारण विद्यालयले अभिभावकमाथि र अभिभावकले विद्यालयमाथि दोष थुपार्ने काम हुने गरेको छ। यदि दुवैबीच राम्रो सम्बन्ध हुन्छ भने विद्यार्थीले जुन कुरो घरमा सिकेको छ त्यसको अभ्यास उसले आफ्नो व्यवहारमा विद्यालयमा ल्याउन सक्छ। यसैगरी विद्यालयमा सिकेको ज्ञानको पुनरावृत्ति र अभ्यास उसले घरमा गर्न सक्छ।

परिवार र विद्यालयबीच राम्रो सम्बन्धको अर्को लाभ विद्यार्थीको व्यवहारबारे अभिभावकलाई जानकारी भइरहन्छ, जसबाट विद्यार्थीको विकासका लागि निर्देशन प्राप्त हुन्छ। यो त्यस बेला मात्र सम्भव छ जब विद्यार्थीको परिवार र विद्यालयबीच स्वस्थ सम्बन्ध हुन्छ। यसो हुँदा आमाबुवाले शिक्षकको सल्लाह अनुसार केटाकेटीलाई सुमार्गतर्फ निर्देशन दिन सक्छन्। यदि विद्यार्थीले समयानुकूल उचित निर्देशन पाउँछ भने आफ्नो रुचि र योग्यतालाई सही दिशामा विकसित गर्न सक्छ। यदि घर र विद्यालयबीच राम्रो सामञ्जस्य छ भने विद्यार्थीमा राम्रो बानीको विकास हुन्छ; रिस, आवेग र द्वेषजस्ता व्यवहारजन्य कुराहरू उत्पन्न नै हुँदैन। यसर्थ पनि दुवैबीच स्वस्थ सम्बन्ध हुनु आवश्यक छ।

आधुनिक युगमा धेरैजसो विद्यार्थीहरू एकल परिवारमा बस्छन् जहाँ धेरै कम सदस्य हुन्छन्। जब कुनै केटा वा केटी विद्यालय जान थाल्छन् उसलाई शिक्षक, साथीहरू र अन्य विद्यार्थीहरूसँग आफ्नो समायोजन गर्नुपर्छ। विद्यालय परिवारमा ऊ कसरी घुलमिल गर्छ त्यसको जानकारी पनि विद्यालयद्वारा नै हुन्छ। यसबाहेक उनीहरूको गुण र अवगुणको जानकारी पनि प्राप्त हुन्छ, जसलाई आमाबुवाले समयमैं सुधार्न सक्छन्। यस परिवेशमा शिक्षकहरूको पनि सहयोग लिन सकिन्छ। यस कारण विद्यालय र परिवारबीच सम्बन्ध हुनु नितान्त आवश्यक छ।

हिजोआज आमाबुवाले पनि आफ्नो सन्तानको शिक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्। उनीहरू सधैं सन्तानको शिक्षाप्रति चिन्तित देखिन्छन्। सन्तानको शिक्षामा जति बढी सक्रिय हुन्छन् विद्यालय र परिवारबीच त्यतिकै राम्रो सम्बन्ध स्थापित हुन्छ।

प्राय: अभिभावकहरूलाई विद्यालयमा हुने विभिन्न गतिविधिबारे जानकारी दिइँदैन। यस कारण उनीहरूमा विद्यालयको गतिविधिप्रति असन्तोष बनिरहन्छ। जुन हिजोआज पटक-पटक विभिन्न रूपमा देखा पनि परिरहेको छ। यस कारण विद्यालयमा हुने गतिविधिमा अभिभावकहरूलाई पनि सम्मिलित गर्नु आवश्यक छ। यदि विद्यालय र अभिभावक मिलेर कुनै योजनामा काम गर्छन् भने उनीहरूबीच सन्तोषजनक सम्बन्ध स्थापित हुन सक्छ।

विद्यालय र विद्यार्थीको परिवारबीच सौहार्दपूर्ण सम्बन्ध कायम गर्न विद्यालयमा हुने कार्यक्रमहरूमा अभिभावकहरूलाई बढीभन्दा बढी सहभागी गराउनुपर्छ। साथै दुवैबीच कुनै न कुनै बहानामा संवाद कायम रहनुपर्छ। यो संवाद विद्यार्थी डायरी, टेलिफोन र व्यक्तिगत सम्पर्कद्वारा विकसित गर्न सकिन्छ। कहिलेकाहीं विद्यार्थीहरू घरमा कसरी समय व्यतीत गर्छन् भनी जान्नको लागि शिक्षकहरू विद्यार्थीको घर पनि जानुपर्छ। यसबाहेक अभिभावकबाट प्राप्त जानकारीलाई शिक्षकहरूले डायरीमा नोट गर्नुपर्छ। यस प्रकारको जानकारीबाट नै सम्बन्धित विद्यार्थी विद्यालयमा कस्तो व्यवहार गर्छ भन्ने कुरा थाहा हुन्छ। आकस्मिक भ्रमण र व्यक्तिगत कुराकानीले शिक्षक र अभिभावकबीच, सम्बन्ध गहिरो हुन्छ। विद्यालय प्रशासनले पनि समय-समयमा यस प्रकारको गोष्ठीको आयोजना गर्नुपर्छ। गोष्ठीबाट विद्यार्थीको विकास कसरी गर्ने भन्ने कुरा थाहा हुन्छ।

यसैगरी अभिभावकहरूले समयानुसार विद्यालयको पनि निरीक्षण गरिराख्नुपर्छ र विद्यालयले एउटा सुझाव पुस्तिका राखिदिनुपर्छ जसमा अभिभावकहरूले आफ्नो सुझाव लेख्न सक्छन्। यस प्रकारको भ्रमणले आफ्नो सन्तान सोही उमेरका साथीहरूसँग कसरी व्यवहार गरिराखेको छ भन्ने थाहा हुन्छ भने शिक्षकहरू कसरी विद्यार्थीलाई निर्देशित गरिरहेका छन् भन्ने पनि थाहा हुन्छ।

यहाँ के प्रश्न उठ्नु स्वाभाविक छ भने परिवार र विद्यालयबीच सम्बन्ध स्थापित गर्न कुन विधि अख्तियार गर्ने ? यस प्रकारको सम्बन्ध स्थापित गर्ने धेरै विधि छन् जसलाई दुई भागमा बाँडेर छलफल गर्न सकिन्छ। पहिलो हो- व्यक्तिगत विधि जसमा अभिभावक र शिक्षक दुवै व्यक्तिगतरूपले एक अर्काको समस्याको समधान गर्ने प्रयास गर्छन्। यस विधिमा शिक्षक स्वयं विद्यार्थीको घर गएर अभिभावकसँग कुरा गर्छ र विद्यार्थीको मूल समस्या बुझ्ने प्रयास गर्छ। विद्यार्थीको घर जाँदा शिक्षकले के कुरा ध्यान राख्नुपर्छ भने अभिभावक घरमा उपलब्ध होस्। अभिभावकले भन्ने कुरा शिक्षकले लेख्दै जानुपर्छ। कुनै समस्याको समाधान एक्लै सम्भव छैन भने अभिभावकको पनि सहयोग लिनुपर्छ। अभिभावकको विचार पनि स्वीकार गर्नुपर्छ र उनीहरूलाई पनि समस्या समाधानको लागि सकारात्मकरूपले प्रोत्साहित गर्नुपर्छ।

यसैगरी विद्यार्थी सम्बन्धित आफ्नो समस्या समाधानका लागि अभिभावकहरू विद्यालय गएर शिक्षकहरूसँग कुराकानी गर्नुपर्छ। विद्यालयको भ्रमण गर्दा अभिभावकहरूले पनि के कुरा ध्यानमा राख्नुपर्छ भने शिक्षकले विद्यार्थीहरूलाई कसरी सम्झाइबुझाइरहेका छन् ? के उसको सन्तान आफ्नो योग्यता सही ढङ्गले प्रस्तुत गरिरहेको छ ? अभिभावकले के बुझ्ने प्रयास गर्नुपर्छ भने उसको सन्तानले आफ्नो काम कति आत्मनिर्भरताका साथ गरिरहेको छ ?

दोस्रो हो-सामूहिक विधि, जसमा शिक्षक र अभिभावक एउटा समूहमा कुराकानी गर्छन्। यस विधिमा शिक्षकले अभिभावकको एक समूहलाई विद्यालयमा आमन्त्रित गरेर सबैसँग परिचर्चा गर्छ। शिक्षक र अभिभावक दुवैले आआफ्नो समस्या राख्छन् वा त्यसको समाधान बारे विचारविमर्श गर्छन्। सामूहिक विधि अन्तर्गत नै तोकिएको मितिमा एउटा कक्षाका सबै अभिभावक विद्यालयमा भेला हुन्छन् र एकअर्काको समस्या ध्यान दिएर सुन्छन् र समस्या समाधानका लागि आपसमा सल्लाह गर्छन्। यस प्रकारको भेलामा अभिभावकले विषयगत शिक्षकलाई पनि भेट्छन् र आफ्नो समस्या राख्छन् र शिक्षकले पनि विद्यार्थीको प्रगति सम्बन्धमा जानकारी साटासाट गर्छन्। यस प्रकारको भेला गर्दा ध्यान दिनुपर्ने कुरा के हो भने भेलाको उद्देश्य पहिले नै निर्धारित गर्नुपर्छ। भेलामा प्रस्तुत गर्ने समस्या साझा हुनुपर्छ। बैठकको मिति र समय एक सातापहिले जानकारी दिनुपर्छ। जुन कुरामा चर्चा परिचर्चा गर्नु छ त्यो पहिलेदेखि नै तयार हुनुपर्छ।

यसबाहेक विद्यार्थीहरूको डायरी पनि अभिभावक-शिक्षक सम्बन्धको एउटा माध्यम हो। प्राय: डायरीमा शिक्षकले आवश्यक सूचना लेखेर दिन्छन् जसलाई अभिभावकहरूले घरमा पढ्छन्। साना केटाकेटीहरूको लागि डायरी एउटा उपयोगी साधन हो। केटाकेटीहरूको गृहकार्य र बिदाको सूचना जसलाई साना केटाकेटीहरू घरमा बताउन सक्दैनन्, डायरीमा लेखेर अभिभावकलाई सूचित गर्छन्। घरमा अभिभावकहरूले त्यस सूचनालाई पढेर विद्यार्थीहरूलाई सोही अनुसार निर्देशित गर्छन्। यसरी अभिभावक र विद्यालयबीच सम्बन्ध बनिरहन्छ। यसैगरी प्रगति विवरणपत्रमार्फत पनि अभिभावकहरूलाई विद्यार्थीको प्रगतिबारे जानकारी हुन्छ।

विद्यालय जुन उद्देश्यको प्राप्तिका लागि प्रयासरत छ, त्यसलाई विद्यार्थीको परिवारको सहयोगबेगर हासिल गर्न सकिँदैन। यस कारण विद्यार्थीहरूको प्रगति विवरणपत्र समय-समयमा विद्यालयले घर पठाउनुपर्छ। शिक्षकहरूले पनि अभिभावकको परिस्थितिमाथि सहानुभूतिपूर्वक विचार-विमर्श गर्नुपर्छ र अभिभावकले पनि विद्यालयको स्थिति बुझिदिनुपर्छ। विद्यार्थीहरूमा विद्यालय र शिक्षकहरूप्रति स्वस्थ अभिवृत्ति वृद्धि गर्नुपर्छ। विद्यालयमा हुने कार्यक्रममा अभिभावकको सहयोग लिनुपर्छ। प्रत्येक विद्यालयमा शिक्षक-अभिभावक सङ्घ स्थापित गर्नुपर्छ। यसखाले सङ्घको माध्यमले अभिभावकहरू विद्यालयमा रुचि लिन थाल्छन्। अभिभावकसँग शिक्षक र विद्यालयको व्यवहार सहानुभूतिपूर्ण हुनुपर्छ। यसरी शिक्षकले अभिभावकको विश्वास हासिल गर्न सक्छन्। विद्यालयले पनि समयानुकूल शिक्षक, अभिभावक र विद्यार्थीहरूको लागि सामाजिक र सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्नुपर्छ। विद्यालयमा समय-समयमा शिक्षक अभिभावक बैठक हुनपर्छ जसमा विद्यार्थीसँग सम्बन्धित समस्यामाथि छलफल गर्न सकिन्छ।

यदि शिक्षक र अभिभावक दुवैले एकअर्काको आलोचना वा एकअर्कामाथि मात्र दोषारोपण गर्छन् भने विद्यार्थीमा कुनै पनि प्रकारको परिवर्तन ल्याउन सकिँदैन। अभिभावकलाई जबसम्म विद्यालयमाथि भरोसा हुँदैन तबसम्म उसले परिवर्तनको प्रतिरोध गर्छ। शिक्षकहरूले पहल गर्नुपर्छ र अभिभावकसँग मिलेर काम गर्नुपर्छ, अनि मात्र विद्यार्थीहरूको समस्या बुझ्न सकिन्छ। शिक्षक र अभिभावक दुवैले एकअर्काको सम्मान गर्नुपर्छ र दुवैबीच भएको कुरालाई गोप्य राखेर विद्यार्थीको विकासमा प्रयत्नशील रहनुपर्छ। वर्तमान समयमा विद्यालयमा अभिभावकहरूको भागिदारी त बढेको छ तर त्यो एकाङ्गी छ। यसका लागि विद्यालयद्वारा सतत् प्रयासको खाँचो छ। यसको कार्यान्वयनका लागि विद्यालयहरूद्वारा कक्षागतरूपमा मासिक बैठक गर्नु एउटा बाटो हुन सक्छ। यदि अभिभावक र शिक्षकबीच यस प्रकारको साझेदारी बन्न सक्यो भने बिस्तारै सबै विद्यार्थीको भविष्य उज्ज्वल हुन सक्छ।

# ठूलो परिमाणमा मदिरा बरामद

प्रस, निजगढ, २२ साउन/ बाराको सिम्रौनगढनजीक सीमावर्ती भारतको घोडासहन प्रहरी र भङ्गाहाका एसएसबी जवानले बेग्लाबेग्लै ठाउँमा छापा मारी ठूलो परिमाणमा नेपाली मदिरा पक्राउ गरेका छन्।



तस्वीर: प्रतीक

घोडासहन थाना क्षेत्रको लौखान पीपलचोकबाट कारमा राखिएको एक हजार ३५० बोतल नेपाली मदिरा घोडासहन प्रहरीले बरामद गरेको छ।

गोप्य सूचनाको आधारमा तस्करहरूलाई पछ्याउँदै जाँदा उनीहरू सो चोकनिर कार छाडी भागेको घोडासहनका थानाध्यक्ष सन्तोष कुमारले बताए।

यसैगरी, बाराको पचरौतानजीक सीमावर्ती भारतको भङ्गाहामा एसएसबीले बालापुरनजीकबाट छापा मारी मोटर साइकल र तस्करसहित ५४० बोतल नेपाली मदिरा पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जितना थाना क्षेत्रको अगर्वा निवासी विकास कुमार रहेका छन्।

तस्करसहित मोटरसाइकल र मदिरा घोडासहन थानामा बुझाइएको एसएसबीका इन्स्पेक्टर राजेश कुमारले बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# प्रहरी समायोजन गर्न प्रधानमन्त्रीलाई ज्ञापन

प्रस, वीरगंज, २२ साउन/

मधेस सरकारले एक साताभित्र प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्न प्रदेशप्रमुखमार्फत प्रधानमन्त्री शेरबहादुर देउवाको ध्यानाकर्षण गराएको छ ।

मधेस प्रदेश सरकारका गृह तथा सञ्चार मन्त्री भरतप्रसाद साह नेतृत्वको मन्त्रीहरूको टोलीले आइतवार प्रदेशप्रमुख हरिशङ्कर मिश्रमार्फत प्रधानमन्त्री देउवालाई ध्यानाकर्षणपत्र बुझाएको हो ।

संविधानको धारा २६८ ले प्रदेश प्रहरी सङ्गठनको व्यवस्था गरेको तथा अनुसूची ६ को क्रम सङ्ख्या १ मा प्रहरी, शान्ति सुरक्षासम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहे पनि प्रहरी समायोजन नहुँदा प्रदेश सरकारले सरकारको अनुभूति गर्न नसकेको हुँदा अविलम्ब प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्न आग्रह गरिएको छ ।


तस्वीरः सौजन्य

प्रहरी समायोजनका लागि प्रधानमन्त्रीलाई यसअघि नै ज्ञापनपत्र बुझाइसकेको उल्लेख गर्दै मधेस सरकारले एक साताभित्र प्रहरी समायोजन नगरिए शान्तिपूर्ण अहिंसात्मक आन्दोलन गर्न बाध्य हुने चेतावनी दिएको छ । मधेस सरकारको आयोजनामा जनकपुरधाममा सम्पन्न सातवटा प्रदेशका गृहमन्त्रीस्तरीय भेलाले यथाशीघ्र समायोजन हुनुपर्ने मागसहितको घोषणापत्र जारी गरेको थियो ।

ध्यानाकर्षणपत्र बुझ्दै प्रदेश प्रमुख मिश्रले आजै प्रधानमन्त्री कार्यालयमा पठाउने बताए । ध्यानाकर्षणपत्र बुझाउने टोलीमा भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादव, कृषिमन्त्री विजयकुमार यादव, उद्योग, पर्यटन तथा वन मन्त्री शत्रुघ्न महतो, खानेपानी तथा ऊर्जा मन्त्री ओमप्रकाश शर्मालगायतको सहभागिता थियो ।

# विद्यालय खुले पनि पठनपाठनमा अन्योल

महोत्तरी, २२ साउन/रासस

महोत्तरीको बर्दिबास नगरक्षेत्रका सामुदायिक विद्यालय गर्मी बिदापछि आज खुले पनि पठनपाठन भने अव्यवस्थित बनेको छ । बर्दिबास नगर कार्यपालिकाको कार्यालयले नगरभित्रका करारका नगर शिक्षकको म्याद नथपेकोले तिनलाई हाजिर नगराउन सबै विद्यालयलाई परिपत्र गरेपछि नगरका ५५ वटा सामुदायिक विद्यालयको पठनपाठनमा असर परेको हो । नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाले गत शुक्रवार मातहतका सबै विद्यालयलाई नगर शिक्षकलाई हाजिर नगराउन विद्यालय प्रशासनलाई परिपत्र गरेपछि अहिले यहाँ तनाव बढेको छ । नगरभित्र २२ वटा माध्यमिक र ३९ वटा आधारभूत सामुदायिक विद्यालय छन् । आधारभूत विद्यालयमध्ये आठवटामा बाल कक्षादेखि आठसम्मको पठनपाठन हुँदै आएका छन् ।


तस्वीरः फाइल/प्रतीक

अन्यमध्ये कतिपयमा कक्षा पाँचसम्म र कतिपय भर्खरै कक्षा थप गर्दै लाने प्रक्रियामा छन् । विद्यालय र विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक अभावले पठनपाठनमा असर परेपछि २०७७ चैत २७ गते प्रक्रिया थालेर नगरपालिकाले गत वर्ष भदौ एक गतेदेखि ६५ जना नगर शिक्षक करारमा नियुक्त गरेर व्यवस्थापन गरेको थियो । अहिले तिनै शिक्षकलाई हाजिर नगराउनु भन्ने परिपत्रले पठनपाठनमा समस्या भएको शिक्षकसम्बद्ध सङ्घसङ्गठनले जनाएका हुन् । गत वर्ष करारमा नियुक्त भएका शिक्षकमा १८ माध्यमिक, २५ उच्च प्रावि (निमावि), १५ प्रावि तह र सातजना कम्प्युटर शिक्षक थिए । नगर कार्यपालिकाले विभिन्न कानूनी प्रक्रिया पूरा गर्दै खुला प्रतिस्पर्धामा उत्कृष्ट भएमध्येबाट विषय मिलान गरी ६५ जना शिक्षक करारमा नियुक्त गरेको थियो ।

अहिले एक्कासि यी शिक्षकलाई हाजिर नगराउन आएको परिपत्रले शैक्षिक अराजकता बढाएको नेपाल शिक्षक महासङ्घका जिल्ला सचिव तथा बर्दिबास-६ स्थित जनहित नन्दलाल माध्यमिक विद्यालयका प्रधानाध्यापक कुमार घिमिरे बताउँछन् । यसपालिको स्थानीय तह निर्वाचनमा विजयी जनप्रतिनिधिले एक वर्ष पहिले सबै प्रक्रिया पूरा गरेर खुला प्रतिस्पर्धाबाट नियुक्त नगर शिक्षकलाई पूर्वाग्रहका आधारमा हाजिर नगराउन परिपत्र गरेको शिक्षकसम्बद्ध विभिन्न सङ्घसङ्गठनले बताएका छन् ।

अर्को स्थायी पदपूर्ति नहोउन्जेल काममा लगाइरहनुपर्ने नगर शिक्षकलाई वैकल्पिक व्यवस्था नगरी काममा जान रोक लगाइँदा शैक्षिक संस्थामा खुल्लमखुल्ला हस्तक्षेप बढेको शिक्षकसम्बद्ध नेपाल शिक्षक महासङ्घसहित विभिन्न शिक्षक सङ्घसङ्गठनले विज्ञप्ति नै जारी गरी नगर नेतृत्वको ध्यानाकर्षण गराएका छन् । एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन बर्दिबास नगर समितिका अध्यक्ष नेत्र रम्तेल भन्छन्, "यसलाई तत्काल नसच्याइए पठनपाठनमा हुने

(बाँकी पाँचौं पातामा)

# अख्तियारमा उजूरी गर्ने क्रम बढ्यो

काठमाडौं, २२ साउन/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालयमा उजूरी पर्ने क्रम बढ्दै गएको छ । आयोगमा चालू आर्थिक वर्षको साउन २० गतेसम्ममा एक हजार ४३२ वटा उजूरी परेका छन् ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार लिखित उजूरी ५५७, हुलाकमार्फत २७२, इमेलमार्फत २५३, वेबसाइटमार्फत १९३, टेलिफोनमार्फत ८४, समाचारमार्फत ३६, फेसबूकमार्फत १०, भाइबरमार्फत दुई र अन्य गरी २५ उजूरी परेका छन् ।

यसैगरी, आयोगको कञ्चनपुरस्थित कार्यालयमा ९५, पोखरामा ७०, बुटवलमा ६७, नेपालगंजमा ४१, बर्दिबासमा ९२, सुर्खेतमा ९४, हेटौंडामा ८५, इटहरीमा ९४ र आयोगको मुख्य कार्यालय टङ्गालमा ७९४ वटा उजूरी परेका थिए ।

आयोगले चालू आर्थिक वर्षको २० दिनमा घूस मागेको आरोपमा तीनजनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा एकजना उपसचिव र दुईजना अधिकृत छन् ।

यही साउन १ देखि २० गतेसम्ममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गाल तथा त्यस मातहतका कार्यालयबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । साउन १८ गते आन्तरिक राजस्व कार्यालय, महाराजगंजमा कार्यरत कम्प्युटर अधिकृत बिन्दु श्रेष्ठ प्रधानलाई आयोगको टोलीले घूससहित पक्राउ गरेको हो । प्रधानले कम्प्युटर बिलिङको सफ्टवेयर स्वीकृतिका लागि सेवाग्राहीसँग रु तीस हजार घूस मागेको उजूरी परेपछि आयोग टोलीले रकमसहित उनलाई पक्राउ गरेको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।




यस्तै, साउन १८ गते सेवाग्राहीबाट घूसबापत लिएको रु छ लाखसहित र स्रोत नखुलेको रु १६ लाख ५० हजारसहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव प्रमोद नेपाल पक्राउ परे । आयोगको टोलीले नेपाललाई नागपोखरीस्थित एक होटेलबाट घूसबापतको रकमसहित नियन्त्रणमा लिएको थियो । त्यससम्बन्धी अनुसन्धान अघि बढेको प्रवक्ता भण्डारीले बताए ।

त्यस्तै, चालू आवकै पहिलो दिन साउन १ गते कैलालीको मोहन्याल गाउँपालिकाका अधिकृत दीपेन्द्र बुढा क्षेत्रीलाई कञ्चनपुरस्थित आयोगको टोलीले रु ३० हजार घूससहित पक्राउ गऱ्यो । घोडाघोडी नगरपालिका-१ स्थित नवरत्न होटेलबाट सेवाग्राहीको ३० हजार घूसबापतको रकमसहित उनी पक्राउ परेका थिए ।

सेवाग्राहीको रकम भुक्तानी दिने क्रममा रु ३० हजार घूस माग गरेको भन्ने उजूरीका आधारमा उनी पक्राउ परेका हुन् । आयोगले आव २०७८/७९ मा भ्रष्टाचार भएको भन्दै १३१ वटा आरोपपत्र विशेष अदालतमा दायर गरेको थियो ।

सार्वजनिक निकायमा हुने भ्रष्टाचारको उजूरीको आधारमा आयोगले अनुसन्धानपछि आरोपपत्र दायर गरेको हो । चालू आर्थिक वर्षको साउन २० गतेभित्रमा आयोगले छवटा आरोपपत्र दायर गरेको छ ।

# अब सवारी अनुमतिपत्र तीन दिनमैं

काठमाडौं, २२ साउन/रासस

तपाईंलाई छिटो सवारीसाधनको अनुमतिपत्र चाहिएको छ ? यदि चाहिएको भए अब तीन दिनमैं तपाईंले प्राप्त गर्नुहुन्छ ।

वाग्मती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौंडाले आकस्मिक (इमर्जेन्सी)रूपमा सवारी अनुमतिपत्र चाहिने सेवाग्राहीलाई ध्यानमा राखेर छिटोमा तीन दिनमैं दिने व्यवस्था गरेको हो । अन्य सेवाग्राहीलाई भने सवारी चालक अनुमतिपत्र लिन १५ देखि १८ दिन लाग्नेछ ।

वाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले आफू मुख्यमन्त्री भएसँगै सवारी चालक अनुमतिपत्र लिन पर्खाइमा रहेका सेवाग्राहीलाई छ महीनाभित्र वितरण गरिसक्ने प्रतिबद्धता जनाएका थिए । प्रदेश सरकारले अतिरिक्त समयमा यातायात कार्यालय सञ्चालन गर्न सहज हुनेगरी २०७८ फागुन २६ गते कार्यविधि बनाएको थियो ।

सोही कार्यविधि अनुसार श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौंडाले आफू मातहतका सवारी चालक अनुमतिपत्र लिने कार्यालय बिहान ७ बजेदेखि सञ्चालन शुरू गरेको छ ।

मुख्यमन्त्रीका प्रमुख स्वकीय सचिव इन्जिनीयर उमेश रूपाखेती वाग्मती प्रदेशले यातायात कार्यालयबाट दैनिकरूपमा प्रवाह हुने सेवाग्राहीको विवरण दैनिकरूपमा सार्वजनिक गर्ने तयारी गरेको बताउँछन् । "सेवाग्राहीसँग प्रत्यक्ष जोडिने कार्यालय यातायात कार्यालयको सुधारका लागि वाग्मती प्रदेश कार्यालय लागेको छ," उनी भन्छन् ।

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र ठूलो भऱ्याङ, हेटौंडा, जगातिलगायतका कार्यालयले आज बिहान ७ बजेदेखि सेवाग्राहीलाई सवारी चालक अनुमतिपत्र प्रदान शुरू गरे पनि सवारी चालक अनुमतिपत्र एकान्तकुना, चाबहिलले छिट्टै सेवा प्रदान गर्ने वाग्मती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री घनश्याम दाहाल बताउँछन् ।

मन्त्री दाहाल यातायात कार्यालयभित्र देखिएको अस्तव्यस्तता हटाउँदै सेवाग्राहीलाई सहज ढङ्गले सेवा प्रदान गर्नका लागि कार्यविधि बनाएर बिहानैदेखि कार्यालय सञ्चालन शुरू गरेको बताउँछन् । "उपत्यकाबाहेकका अरू जिल्लाका सेवाग्राही काठमाडौंभित्र सेवा लिन आउन नपरोस् भन्ने उद्देश्यले उपत्यकाबाहिर पनि सवारी चालक अनुमतिपत्र कार्यालय खोल्न लागिरहेका छौं," उनी भन्छन् ।


तस्वीरः रासस

सेवाग्राही १० बजेदेखि यातायात कार्यालय सञ्चालन हुने भएकाले ७ बजेदेखि नै कार्यालयमा आएर लाइनमा बसेको अप्ठ्यारो अवस्थालाई महसूस गरेर बिहान ७ बजेदेखि नै कार्यालय सञ्चालन शुरू गरेको उनको भनाइ छ । मन्त्री दाहाल अतिरिक्त समयमा काम गर्ने कर्मचारीलाई मन्त्रालयले भत्ताको समेत व्यवस्था गरेको बताउँछन् ।

आज बिहान सवारी चालक अनुमतिपत्र ठूलो भऱ्याङमा सेवा लिन आएका नागार्जुन नगरपालिका-२ का सेवाग्राही रामबहादुर श्रेष्ठ यति चाँडो लाइसेन्सको काम हुन्छ भन्ने विश्वास आफूलाई नलागेको बताउँछन् । "यस्तो सेवा सधैं प्रदान गर्न सके यातायात कार्यालयप्रति सेवाग्राहीले हेर्ने दृष्टिकोणमा परिवर्तन आउँछ," उनी भन्छन् ।

सोही कार्यालयमा सेवा लिन आएका डडेलधुराका वीरेन्द्र साउद पछिल्लो समय यातायात कार्यालयले दिने सेवाप्रति आफू सन्तुष्ट रहेको बताउँछन् । यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र ठूलो भऱ्याङका निमित्त प्रमुख सञ्जय थापा यातायात क्षेत्रलाई हेर्ने नजरमा परिवर्तन ल्याउनु जरुरी रहेको बताउँछन् । "हरेकले आफू कर्मचारी मात्र नभएर सेवाग्राहीको नजरबाट हेर्न सके यातायात क्षेत्रमा सुधार आउँछ," उनी भन्छन् ।

ठूलो भऱ्याङले दैनिक ३०० जनालाई सवारी चालक अनुमतिपत्र प्रदान गर्दै आएको छ । दैनिक ७०० नयाँ सवारी चालक अनुमतिपत्रका लागि दर्ता, १५० नवीकरण, २०० को राजस्व सङ्कलन र ५० जनालाई प्रतिलिपि प्रदान गर्दै आएको छ ।

यस्तै, हप्ताको ५०० जनाको लिखित परीक्षा सञ्चालन गर्दै आएको कार्यालय प्रमुख थापा बताउँछन् । ठूलो भऱ्याङले सवारी चालक अनुमतिपत्रका लागि चन्द्रागिरि नगरपालिकाको गुर्जुधारास्थित भेहिकल एकेडेमीबाट प्रयोगात्मक परीक्षा गराउँदै आएको छ ।

# नेप्से परिसूचकको उकालो यात्रा जारी

काठमाडौं, २२ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार दोहोरो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार शेयर कारोबार हुने साताको पहिलो दिन आइतवार नेप्से परिसूचक १० दशमलव २७ अङ्कले उकालो लागेर दुई हजार १२३ दशमलव ८२ मा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव १० अङ्कले उकालो लागेर ४०९ दशमलव ५५ मा पुगेको छ । कुल २१९ कम्पनीको ६१ लाख छ हजार ५२१ कित्ता शेयर रु दुई अर्ब ६७ करोड ३३ लाख ३८ हजार २३२ मूल्यमा खरीद-बिक्री भए । कारोबार भएका कुल १३ उपसमूहमध्ये आइतवार जीवन बीमा उपसमूहको मात्रै शेयर मूल्यमा गिरावट आएको छ । सो उपसमूहको शेयर मूल्यमा चार दशमलव ५५ अङ्कले ओरालो लाग्यो । त्यस्तै, बैंकिङ शून्य दशमलव २२, व्यापार ४७ दशमलव छ, होटल तथा पर्यटन ६० दशमलव ७४, विकास बैंक ५२ दशमलव ४४, जलविद्युत् २६ दशमलव २२, वित्त ३३ दशमलव पाँच, निर्जीवन बीमा शून्य दशमलव ७५, उत्पादन दुई दशमलव ७४, अन्य २२ दशमलव ५७, लघुवित्त २७ दशमलव ८८, सामूहिक लगानी कोष शून्य दशमलव शून्य दुई, लगानी शून्य दशमलव २७ अङ्कले उकालो लागेका छन् । आइतवारको कारोबारपछि बजार पूँजीकरण रु ३० खर्ब ३० अर्ब ५५ करोड ४६ लाख छ हजार ६७५ बराबर रहेको छ । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु १३ करोड ८९ लाख ८२ हजार १६३ बराबरको कारोबार भयो ।

त्यस्तै, नबिल बैंक रु १२ करोड ७३ लाख ४१ हजार ९०८, फरवार्ड माइक्रोफाइनान्स रु नौ करोड ९२ लाख ९६ हजार ५५६, एशियन लाइफ इन्स्योरेन्स रु आठ करोड १० लाख २९ हजार १५ र हिमालयन डिस्टिलरी रु छ करोड ६८ लाख ५२ हजार ६०८ बराबरको कारोबार भई शीर्ष पाँच स्थानमा रहे ।

नेप्सेका अनुसार मनकामना स्मार्ट लघुवित्तको शेयर मूल्यमा १० प्रतिशत बराबरको वृद्धि भई सकारात्मक सर्किट लाग्यो । त्यस्तै, तेऱ्हथुम पावर कम्पनी नौ दशमलव ६५, उपकार लघुवित्त नौ दशमलव १३, गुह्येश्वरी मर्चेन्ट बैंक आठ दशमलव ७५, एनआइसी एशिया सेलेक्ट फन्डका लगानीकर्ताले सात दशमलव २६ प्रतिशतलले कमाए ।

यस्तै, नयाँ सारथि लघुवित्त तीन दशमलव ४८, सामलिङ पावर कम्पनी तीन दशमलव ४३, गरिमा विकास लघुवित्त तीन दशमलव ३८, रूरू जलविद्युत् परियोजना दुई दशमलव ९४ र विन नेपाल लघुवित्तका लगानीकर्ताले दुई दशमलव ९१ प्रतिशतले गुमाए ।

# हराउँदैछ नुनसँग जोडिएको हिमाली कथा

–वासुदेव पौडेल
पोखरा, २२ साउन/रासस

पहिलेपहिले नेपालका सबै पहाडी र हिमाली भेगका बासिन्दा नुन किन्न भोट या नेपालपट्टिका तिब्बती बजारसम्म पुग्थे। तामाकोशी, अरुण, त्रिशूली, भोटेकोशी, मर्स्याङ्दी, कालीगण्डकी र कर्णालीका उपल्लोतटीय किनार नुन व्यापारका मुख्य मार्ग नै थियो।

वर्षा रोकिएपछि ती भेगका बासिन्दा भदौरे महीनामा तिब्बत गएर नुन र अरू सामग्री भेडा, च्याङ्ग्रा या घोडालाई बोकाएर ल्याउने, महीनौं लगाएर हिउँदमा त्यो सामान बिक्री गर्न तराई र भारतीय सीमासम्म पुग्ने गर्दथे। गर्मी लाग्दै गर्दा तराईको अन्नपात बोकेर पहाड, हिमाल फर्कने हिमालय सीमापार व्यापार गर्ने समुदायको नियमित कारोबार संस्कृति नै बनेको पृथ्वीनारायण क्याम्पस पोखरामा प्राध्यापनरत रामचन्द्र बरालको 'नुन व्यापार मार्गसँग जोडिएका कालीगण्डकी भोट बेंसी सम्बन्धहरू' शीर्षकको अनुसन्धानमा भनिएको छ।

अन्यत्रको नुन व्यापारमा हिमाली खम्पा जातिको सक्रियता भए पनि कालीगण्डकी करिडरको नुन व्यापारमा थकाली जातिको सक्रियता देखिएको बताउँदै बरालले तत्कालीन नुन अर्थतन्त्रमा आधारित भोट र पहाड बीचको सम्पर्क दूत थकाली जाति नै रहेको उल्लेख गरे।

'नुन लिन भोट' भन्ने प्राचीन उखान मात्र नभएर वास्तविकता नै थियो। तर पछिल्ला पुस्ताका लागि भने यो उखान एकादेशको कथाजस्तै बनेको छ। करीब दुई दशक अघिसम्म प्रशोधित आयोनुनको प्रयोग नभएका अवस्थामा नेपालमा विशेषगरी हिमाली भूभाग र चीनबाट नुन आयात हुने गर्दथ्यो। यातायातको पहुँच नभएका कारण नुन लिन हप्तौं हिंडेर ल्याउनुपर्ने तत्कालीन बाध्यता अहिलेका पुस्तालाई भने एकादेशको कथाजस्तै बनेको कास्की भरतपोखरीका ९० वर्षीय तिलकराम पौडेल बताउँछन्। उनलाई शुरूशुरूमा मुस्ताङको लेतेसम्म पुगेर नुन ल्याएको अनुभव अझै पनि ताजै छ। ढिके नुनका रूपमा चिनिने हिमाली भेगमा पाइने नुन साल्ट ट्रेडिङ कर्पोरेशनले आयोनुन बजारमा ल्याएसँगै छायामा परेको हो। हिमालपारिको जिल्ला मुस्ताङको छुसाङस्थित तेताङमा रहेको नुन खानी पछिल्ला वर्ष बन्द भएको छ।

तीनताका नुन खानीकै कारण यहाँका धेरैले रोजगार पाएका थिए। खानी बन्द भएसँगै रोजगार त खोसियो नै, पैसा तिरेर महँगोमा नुन खानुपरेको स्थानीयवासीको गुनासो पनि छ। प्राचीन समयमा मुस्ताङको ढिके नुन देशका अधिकांश भागमा पुग्दथ्यो। बजारमा नुनको माग पूरा गर्न स्थानीयवासीलाई धौधौ थियो। नुन बेचेरै यहाँका स्थानीयवासीको जीविका चलेको थियो।

पछिल्लो दशकमा नुन खानीको संरक्षणको साटो आयोडिन नभएको नुन खाए गलगाँड आउँछ भनेर प्रचार गरिएको र केवल गाईभैंसीलाई मात्र खुवाउन थालिएपछि यहाँको नुनसँग जोडिएको मौलिकता नै ओझेलमा परेकोमा स्थानीयवासीको दुःखेसो छ।


तस्वीरः रासस

तत्कालीन समयमा कास्की, स्याङ्जालगायत आसपासका बासिन्दाले चामलसँग नुन साटेर लैजान्थे। अनुसन्धाता बरालका अनुसार तत्कालीन समयमा गण्डकी क्षेत्रका टुकुचे, दाना तातोपानी, तिप्ल्याङ, बीरेठाँटी मुख्य नुन व्यापार केन्द्रका रूपमा स्थापित बनेका थिए। टुकुचे यहाँको पुरानो भन्सार क्षेत्र हो। भोटका नुन व्यापारीले भण्डारण गर्ने र तल्लो पहाडकाले नुन खरीद गर्ने केन्द्र बजारका रूपमा यसले आफ्नो स्थान ओगटेको थियो।

तत्कालीन थकाली सुब्बाको नुन ठेकेदारीमा पहुँच घटेसँगै भन्सार दानामा सरेपछि टुकुचेको नुन बजार सुस्ताएको बराल बताउँछन्। टुकुचेबाट सरेको नुन बजारको केन्द्र दाना तातोपानी हुँदै क्रमशः भुरुङ तातोपानीतर्फ सरेको उनले बताए।

विशेषतः ढाक्रेहरू र अन्य बटुवा तातेपानी कुण्डमा डुबेर भोटको चिसो फाल्ने मनसायले कुण्ड नजीकैका भट्टीमा बस्ने क्रमसँगै दानापछिको नुन बजार केन्द्रका रूपमा तातोपानीले स्थान ओगटेको थियो। कास्की वीरेठाँटी आउने ढाक्रे र पश्चिम बेनी तथा कार्कीनेटा जाने ढाक्रेको सामूहिक जमघट हुने र छुट्टिने स्थान यहीं भएकाले तुलनात्मकरूपमा यहाँ बढी चहलपहल हुने गर्दथ्यो।

नुन व्यापारकै अर्को केन्द्रका रूपमा रहेको तिप्ल्याङ मुस्ताङ प्रवेशका लागि कठिन भिरमुनिको बस्तीका रूपमा परिचित छ। बाह्रगाउँ सेरिवका स्थानीयले स्थानीय खानीबाट किने, पाएको नुन र भोटका व्यापारीसँग साटेको नुनलाई चामल र अन्य खाद्यान्न तथा लत्ताकपडाका लागि विनिमय गर्न टुकुचे आउन नसकेका ढाक्रेलाई बढी मोलमा नुन बेच्न पाउने आशामा तिप्ल्याङसम्म ल्याएर बेच्ने गर्दथे। यसो गर्दा भन्सारको समस्या नपर्ने र डरलाग्दो भिरको बाटो हिंड्न नपर्ने भन्दै ढाक्रेलाई केही बढी मूल्यमा नुन चामल साटिन्थ्यो। तिप्ल्याङ बजारमा प्रायः बेनीतर्फको कालीगण्डकी तटीय पदमार्गका ढाक्रेको जमघट हुन्थ्यो। भारी बोक्न सक्ने आँट भएका र अझ सस्तोमा नुन ल्याउने नाइकेको साथ पाएका ढाक्रे भने अझ उपल्लो बस्तीतिर लम्कँदै टुकुचै नै आउँथे।

बरालका अनुसार नुन बजारको केन्द्रका रूपमा रहेको वीरेठाँटी तत्कालीन समयको ढाक्रे विश्राम बजारका रूपमा परिचित थियो। भोट जाँदा उल्लेरीको उकालो चढ्नु पहिले वास बस्ने थलो र नुन बोकी ल्याउँदा चन्द्रकोट लुम्लेको उकालो चढ्नुपर्ने तयारीका लागि विश्राम गर्ने थलोका रूपमा रहेका कारण यो आवतजावत गर्दा वास बस्ने गन्तव्यका रूपमा विकसित भएको थियो।

दुई दशक अघिसम्म मुस्ताङका स्थानीयवासीले त्यहाँको स्थानीय नुन नै प्रयोग गरे पनि पछिल्ला समयमा उत्पादन नै रोकिएपछि प्रशोधित नुन नै खाने गरेका छन्। मुस्ताङको नुन खानी रहेको तेताङका स्थानीयवासीले उक्त खानीबाट अझै पनि नुनको पानी ल्याएर खाने गरेको प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले जानकारी दिए।

नुनखानी हिमाली मौलिकतासमेत भएको र यसलाई जोगाउनका लागि मुस्ताङस्थित तेताङको नुनखानी सञ्चालनमा ल्याउन सरकारले प्रयास गरे पनि त्यो सार्थक हुन सकेको छैन। सांसद तुलाचनका अनुसार अघिल्लो वर्ष नुन खानी सञ्चालनका लागि बोलपत्र आह्वान भए पनि कसैको पनि निवेदन परेन।

विसं २०६० अघिसम्म स्थानीय शङ्करमान शेरचनले तेताङको नुन खानीबाट नुन निकालेको भए पनि त्यसपछि भने उक्त नुन खानी बन्द रहेको छ। तत्कालीन समयमा शेरचनले वार्षिक ५० देखि ६० मुरीसम्म नुन उक्त खानीबाट निकाल्थे। "उत्पादनको अवस्थासँगै खानी सञ्चालनका लागि लाइसेन्स आदि प्रक्रियाका कारण पनि टेन्डर हुँदा पनि निवेदन पर्न सकेन"–उनले भने–"यस क्षेत्रको प्राचीन मौलकता कायम राख्नका लागि नुन खानी सञ्चालन गर्ने जमर्को गरेका हौं।"

मुस्ताङमा आउने पर्यटकलाई नुन खानीसम्म पुऱ्याउने र यहाँको कोसेलीका रूपमा किनेर लैजान सक्ने व्यवस्थाका लागि पनि सरकारले त्यसको सञ्चालनको सोच बढाएको हो। त्यसका लागि खानी तथा भूगर्भ विभाग र सम्बद्ध निकायका प्रतिनिधिसहितको प्राविधिक टोलीले नुनखानीको अध्ययन गर्दै उत्पादनका लागि आवश्यक प्रक्रिया बढाउन प्रतिवेदन बुझाएको थियो। सडकमार्गको पहुँच र नुन खानी रहेको पहाडबाट बग्ने नुनीलो पानीलाई पाइपलाइनमार्फत सहज ठाउँमा ल्याएर उत्पादन गर्न सकिने सो प्रतिवेदनमा सुझाव दिइएको थियो।

मुस्ताङको छुक्सङस्थित तेताङमा नुनखानीको पहाडै छ। मुस्ताङको नुन खानीबाट निकालिएको नुन चोखो हुने धार्मिक जनविश्वाससमेत छ। कुनै शुभ साइत वा जललाई चोखो बनाउन यहाँका नुन प्रयोग गर्ने गरिएको र वास्तुशास्त्रीय हिसाबले पनि यसको विशेष महत्त्व मानिने भएकोले घरको जगसाइतमा मुस्ताङी नुनको प्रयोग गर्ने प्रचलन छ।

तत्कालीन समयमा नुनकै लागि प्रख्यात मुस्ताङमा अहिले भने पोखराबाट प्रशोधित नुन जाने गरेको छ। पोखरास्थित साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड गण्डकी प्रदेश कार्यालयबाट वार्षिक ८०० क्विन्टल नुन मुस्ताङका लागि जाने गरेको सो कार्यालयका प्रमुख वासुदेव उपाध्यायले जानकारी दिए। मुस्ताङको लागि साल्ट ट्रेडिङ कर्पोरेशनले बजारमा ल्याएको प्रशोधित भानु नामको नुन पठाउने गरेको छ।

पछिल्ला समयमा चीनले सिल्क रोडका माध्यमबाट महादेशीय मुलुकलाई जोड्ने अन्तर्राष्ट्रिय व्यापारिक मार्गको पुरानो पहिचानलाई आधुनिक मार्गको जालोमा जोडनेगरी रेशम मार्गको योजना अगाडि सारेका अवस्थामा यससँग जोडिएको नुन मार्ग पनि यतिखेर चासो र चर्चामा छ।

पुरातत्त्व विभागले मुस्ताङको कोरला नाकाबाट कालीगण्डकी करिडर हुँदै भएको प्राचीन नुन व्यापार मार्गमा उत्तर र दक्षिणका छिमेकीबीच रेशम मार्गसँग भएको सम्बन्धबारे प्रमाण जुटाउन छलफल एवं अन्तर्क्रिया पनि थालेको छ। रेशम मार्गसँग नेपालको संलग्नतामा भोट–मधेसको नुन व्यापार मार्गका रूपमा परिचित लोमन्थाङ–लुम्बिनीसम्मको प्राचीन मार्गलाई पहिचान गरी यस मार्गमा पर्ने बस्ती, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको सूक्ष्म अध्ययन अन्वेषण थालेसँगै यसले महत्त्व पाएको हो।

विगतमा भोटमा निर्भर भएको नुनको आपूर्ति स्रोत मुस्ताङी मार्गबाट हुने नुन तथा ऊनको व्यापार चक्र रोकिएसँगै दक्षिणका सामुद्रिक नुनमा भर पर्न प्रेरित बनेको देखिन्छ। नुनका लागि भोट जाने ढाक्रेहरूले भदौमा भोटतिर जाँदा उनीहरू बाटामा जडीबुटी सङ्कलन गर्दै जाने र बिक्री गरी त्यही पैसाले किनमेल गर्दा आर्थिक गतिविधि चलायमान बनेको थियो।

तत्कालीन समयमा तिब्बतसँग जोडिएका विभिन्न क्षेत्रबाट नुन र ऊनको व्यापारका लागि विभिन्न मार्ग निर्माण भएको बताउँदै अनुसन्धाता बराल यीमध्ये मुस्ताङ, रसुवाको केरुङ, उपल्लो डोल्पा र हुम्लाको लिमी उपत्यका प्रमुख रहेको बताउँछन्। यी क्षेत्रमा बसोवास गर्ने मानिस पहाडी र तराई क्षेत्रको अन्न भोटसम्म र भोटको नुन र ऊन नेपालका पहाडी र तराई क्षेत्रसम्म पुऱ्याउने उनले जानकारी दिए।

नुन मार्गका ढाक्रेहरूलाई सुस्ताउने चौतारी, विश्राम गर्ने पाटी–पौवा, खोला तर्ने काठे साँघु निर्माण गर्ने र पानी खाने धारो बनाएर कृति राख्ने प्रचलन त्यसै समयदेखि शुरू भएको थियो। भोटबाट आयात हुने ढिके नुन र हिमाली क्षेत्रका नुन खानीबाट उत्पादित नुनले नेपालको नुन बजारको माग धानेकोमा पछिल्ला समयमा देश पूर्णरूपमा नुनमा परनिर्भर बनेको छ। गलगाँडको प्रभाव आदि देखाएर आयोडिनयुक्त नुन प्रयोगका नाममा हाम्रो भोटसँगको साल्ट रोड तहसनहस पार्नुका साथै हिमाली जनजीवन, त्यससँग जोडिएका कथा र त्यहाँको अर्थतन्त्रलाई समेत परनिर्भर बनाइएको बरालको भनाइ छ।

# तीन प्रदेशमा भारी वर्षाको सम्भावना : सतर्कता अपनाउन आग्रह

काठमाडौं, २२ साउन/रासस

देशभर आंशिकदेखि सामान्य बदली रही तीन प्रदेशमा भारी वर्षा हुने भएको छ।

देशभर आंशिकदेखि सामान्य बदली रही देशका पहाडी भूभागका केही र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै सुदूरपश्चिम, लुम्बिनी र कर्णाली प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

हाल मनसुनको न्यून चापीय रेखा सरदर स्थानको दक्षिणमा अवस्थित छ। विभागले आगामी २४ घण्टा देशका पहाडी भूभागका केही र बाँकी भूभागका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा र सुदूरपश्चिम, लुम्बिनी र कर्णाली प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ।

उक्त भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहनाका साथै नदी नाला तथा खहरे खोलाहरूमा पानीको सतह बढ्न सक्ने र दैनिक जनजीवन/यातायात क्षेत्रसमेत प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता पालन गर्न विभागले सबैमा अनुरोध गरेको छ।

रातको समयमा देशको पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदली तथा लुम्बिनी प्रदेशका केही र बाँकी प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।


तस्वीरः फाइल

## फरक समाचार

# खाद्यान्नबाट कीरा भगाउने उपाय

वर्षात्को मौसममा घरमा कीरा, कमिला देखिन्छन्। भान्सामा यदि कीरा अथवा कमिला देखियो भने निकै समस्या हुन्छ। प्रायः वर्षाको समयमा चामल,



पीठो, बेसन, सुजीजस्ता खाद्यान्नमा सेतो र कालो कीरा लाग्दा फाल्नुपर्ने हुन्छ। यद्यपि केही तरीका छन्, जसबाट कीरा हटाउन सकिन्छ।

**सुजीः** यदि सुजीमा कीरा परेको छ भने ल्वाङ राख्नुपर्छ। यसले कीरा, कमिला भाग्छ। त्यसैगरी, दालचिनी र सुकुमेल पनि राख्दा कीरा भाग्छ।

**चामलः** चामलमा धेरैजसो घुनलगायत कीरा लाग्छ। तसर्थ चामल राख्ने स्थानमा तेजपत्ता राख्दा कीरा भाग्छ। साथै ठूलो सुकुमेल पनि राख्न सकिन्छ। तेजपत्ता र सुकुमेल राख्दा चामलको सुगन्ध हराउन सक्छ तसर्थ यसलाई चामलमा राख्ने बेला सुतीको कपडामा बेरेर राख्नुपर्छ। यसको अलावा बजारमा चामलबाट कीरा भगाउने औषधि पनि पाइन्छ। यो औषधि सुतीको कपडामा बेरेर राख्नुपर्छ किनभने यस्ता औषधि नशालु हुन्छन्। चामललाई राम्ररी पानीमा धोएर प्रयोग गर्नुपर्छ।

**बेसन, पीठोः** बेसन र पीठोबाट कीरा भगाउन तेजपत्ता निकै उपयोगी हुन्छ। सुतीको कपडामा थोरै ल्वाङ र मरीच बाँधेर राख्दा पनि कीरा भाग्छ।

# जमीनको लागि दूधेबालिका दाउमा

जग्गा–जमीनको लागि रक्तपातको घटना भएको समाचार सुन्दै आएका थियौं तर एकजना आमाले आफ्नो जग्गा बचाउन दूधेबालिकालाई ट्याक्टरको



चक्कामुनि राखेकी थिइन्। खेतको खनजोत रोक्नको लागि ती महिलाले दूधेबालिकालाई ट्याक्टरको अगाडिको चक्कामा फालेकी हुन्। यो भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। कोतवाली प्रहरीले घटनाको अनुसन्धान गर्दैछ।

भारत, उत्तरप्रदेशको गोन्डास्थित कोतवाली अन्तर्गत लालेमउ गाउँमा यो घटना भएको थियो। स्थानीय दानबहादुर सिंहले कोतवालीमा उपस्थित भएर बयान दिएका छन्– हामी चार भाइ छौं, सबैले बराबरको भागबन्डा पाएका थियौं। सबैले आआफ्नो भाग भोगचलन गर्दै आएका छन्। म आफ्नो खेतमा जोताइको लागि ट्याक्टर लिएर पुगें, त्यति बेला मेरो भाइकी पत्नी दूधेबालिकालाई लिएर पुगिन् र ट्याक्टर अगाडि बच्चालाई फालेर खेत खनजोतमा विरोध गरिन्।

सिंहले भने, यसभन्दा पहिले पञ्चायतमा चार भाइको भागबन्डा भएको थियो। तर पनि मेरो भाइले खेत जोताइ कार्यमा आफ्नी पत्नीबाट अवरोध उत्पन्न गराइरहेका छन्। कोतवाल सुधीरकुमार सिंहले घटना साम्य पार्ने प्रयास गरिरहेका छन्। घटना सामाजिक सञ्जालमा भाइरल भएपछि अर्को चर्को आलोचना भइरहेको छ।

# अवसादको लक्षण कम गर्ने खाद्यान्न

अवसाद (डिप्रेशन)को समस्या हुनेहरूले खानपिनमा विशेष ध्यान दिनुपर्छ। जङ्कफूड र अस्वस्थकर खानेकुराले अवसाद झनै बढाउन सक्छ। अत्यधिक कैफिन, प्रोसेस्ड फूड र रिफाइन्ड सुगरजस्ता खाद्य पदार्थले मानसिक स्वास्थ्य बिगार्न सक्छ। कार्बोहाइड्रेट खानेकुराले हाम्रो



मस्तिष्कमा सेरोटोनिन हार्मोन रिलिज गर्छ। जसले हाम्रो व्यवहार सही बनाउँछ।

ओमेगा ३ फैटी एसिडले हाम्रो मस्तिष्कको प्रक्रियामा सुधार ल्याउँछ। माछामा यो पदार्थ पाइन्छ। माछाले अवसादको लक्षणलाई कम गर्छ। ओमेगा–२, नट्स, आलसको तेल, हरियो सागपात र शाकाहारी वस्तु सेवन गर्नुपर्छ। अहिलेसम्म गरिएको अध्ययन अनुसार भिटामिन डीको कमीले डिप्रेशनको खतरा बढ्छ। तसर्थ घाम र आहारबाट भिटामिन डी सेवन गर्नुपर्छ। दूधमा पनि भिटामिन डी हुन्छ।

मानसिक स्वास्थ्यको लागि सेलेनियमयुक्त पदार्थ सेवन गर्नुपर्छ। सिङ्गो अन्न, सीफूड, लिन मिटमा सेलेनियमको मात्रा हुन्छ। यसले अवसादलाई निकै हदसम्म नियन्त्रित गर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## क्युबाको तेल भण्डारमा चट्याङ पर्दा ८० जना घाइते

हवाना, २२ साउन/एएनआई

शनिवार मातान्जास शहरस्थित तेल नियन्त्रण हुन सकेको छैन । यसैबीच सरकारले सबै प्रकारका घरेलु उयाय फैलिनबाट रोक्नको लागि ट्याङ्कीहरूलाई चीसो राख्न प्रयास गरिरहेका छन् ।



तस्वीरः एपी

भण्डार केन्द्रमा चट्याङ लागेर आगलागी हुँदा करीब ८० जना घाइते भएका छन् भने १७ जना अग्नि नियन्त्रक बेपत्ता भएका छन् ।

सिबिएस न्युजले ऊर्जा तथा खानी मन्त्रालयलाई उद्धृत गर्दै अग्नि नियन्त्रकहरूले अझै पनि माटान्जास सुपरट्याङ्कर बेसमा आगो निभाउने प्रयास गरिरहेको बताएको छ। शुक्रवार राति शुरू भएको आगलागी अहिलेसम्म अवलम्बन गरेपनि नियन्त्रण गर्न नसकेपछि तेल भण्डारबारे अनुभव भएका मित्र देशहरूबाट अग्निनियन्त्रण विज्ञहरूको मदत मागेको छ ।

आगलागीको आसपासको क्षेत्रलाई नियन्त्रणमा लिन सेनाले हेलिकप्टरबाट पानी खसाल्दै आगो निभाउने प्रयास गरिरहेको छ । मातान्जासका अग्निनियन्त्रक प्रमुख रोबर्टो डे ला टोरेले भने अनुसार अग्नि नियन्त्रकहरूले आगो

मातान्जासको प्रान्तीय सरकारको फेसबूक पेजले घाइतेको सङ्ख्या ७७ पुगेको र १७ जना बेपत्ता रहेको बताएको छ। घाइतेमध्ये सातजनालाई हवानाको क्यालिक्सटो गार्सिया अस्पतालमा लगिएको बताइएको छ ।

क्युबाले इन्धन अभाव झेलिरहेको बेला यस्तो घटना भएको हो। यद्यपि घटनाको विस्तृत विवरण र क्षति यकीन गर्न सकिने अवस्था अझै छैन। रासस

## इजरायल र गाजामा दोस्रो दिन पनि गोली हानाहान, २४ जनाको मृत्यु

गाजा, २२ साउन/सिन्हवा

इजरायल र प्यालेस्टिनी इस्लामिक जिहाद (पिआइजे)बीच दोस्रो दिन पनि गोली हानाहान जारी रहँदा कम्तीमा २४ प्यालेस्टिनीको मृत्यु हुनाका साथै दुई सय १५ जना घाइते भएका छन् ।

मृत्यु हुनेमा छ बालबालिका र दुई महिला रहेको गाजाको स्वास्थ्य मन्त्रालयले शनिवार सिन्ह्वालाई पठाएको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

इजरायली वायुसेनाले शनिवार राति दक्षिणी गाजा स्ट्रिप शहर रफाहमा एउटा घरलाई विनाचेतावनी आक्रमणको निशाना बनाउँदा दुई प्यालेस्टिनीको मृत्यु हुनाको साथै ३० भन्दा बढी घाइते भएका प्यालेस्टिनी सुरक्षा स्रोतहरूले सिन्ह्वालाई बताएका छन् ।

यसैबीच प्यालेस्टिनी स्रोतका अनुसार उत्तरी गाजाको जबलिया शरणार्थी शिविरमा शनिवार राति विस्फोट हुँदा चार बालबालिकासहित पाँचजनाको मृत्यु भएको छ भने अन्य १५ जना घाइते भएका छन्। इजरायलले विस्फोटको जिम्मेवारी भने अस्वीकार गरेको छ। रासस

## अमेरिकी राष्ट्रपति बाइडेनको कोरोना रिपोर्ट 'नेगेटिभ'

वाशिंगटन, २२ साउन/सिन्हवा

अमेरिकी राष्ट्रपति जो बाइडेनको कोरोना रिपोर्ट नेगेटिभ आएको छ । उनी कोभिड सङ्क्रमण भएर आइसोलेशनमा बसेका छन् । उनको स्वास्थ्य परीक्षणमा शनिवार कोभिड रिपोर्ट नेगेटिभ आएको उनका चिकित्सकले जानकारी दिएका छन् । ह्वाइट हाउसका फिजिसियन केभिन ओ कनरले सो कुराको जानकारी दिएका हुन् ।

उनले राष्ट्रपति बाइडेन अहिले पनि आइसोलेशनमा रहेका तर उनलाई निकै सन्चो भएको उनका चिकित्सक ओ कनरले जानकारी दिए ।

उनले खोपको पूर्ण मात्रा लिनुका साथै दुई पटकसम्म बुस्टर डोज पनि लगाएका छन्। उनलाई पहिलोपटक गत जुलाई २१ मा कोभिड सङ्क्रमण देखिएको थियो। त्यसपछि एक हप्तासम्म आइसोलेशनमा रहेपछि निको भएको थियो ।

राष्ट्रपति बाइडेनलाई पुनः जुलाई ३० मा कोभिड सङ्क्रमण देखिएको हो। शनिवार गराएको स्वास्थ्य परीक्षणमा उनको कोरोना नेगेटिभ रिपोर्ट आएको हो । रासस

## माल्दिभ्स सरकार एक चीन नीतिप्रति प्रतिबद्ध तर आधिकारिक वक्तव्य भने जारी नगर्ने

माले, २२ साउन/एएनआई

माल्दिभ्स सरकारले एक–चीन नीतिप्रति पुनः आफ्नो प्रतिबद्धता पुष्टि गरेको छ । यद्यपि स्थानीय सञ्चार माध्यमहरूका अनुसार यसबारे कुनै आधिकारिक वक्तव्य भने जारी नगर्ने बताएको छ ।

विभिन्न सञ्चार माध्यमहरूको प्रश्नको जवाफ दिंदै विदेश मन्त्रालयले 'एक चीन' नीतिमा माल्दिभ्स प्रतिबद्ध रहेकोमा जोड दिएको छ ।

यद्यपि मन्त्रालयले यस विषयमा आधिकारिक वक्तव्य भने जारी नगर्ने बताएको छ । हिन्द महासागर क्षेत्रमा भारतको प्रमुख छिमेकी माल्दिभ्सले भारतको 'छिमेकी पहिलो' नीतिमा विशेष स्थान ओगटेको छ । तर चीन समर्थक माल्दिभ्सका पूर्वराष्ट्रपति अब्दुल्लाह यामीनको नेतृत्वमा 'इन्डिया आउट' आन्दोलन शुरू गरेपछि दुई देशबीच सम्बन्ध निकै तनावपूर्ण बनेको थियो । अब्दुल्ला यामीन माल्दिभ्सको राष्ट्रपति रहँदा भने चीन र माल्दिभ्सको सम्बन्ध मजबूत थियो ।

माल्दिभ्ससँग भारतको सम्बन्ध सोलिहको नेतृत्वमा उल्लेखनीयरूपमा बढेको छ । यो बहु–आयामिक सम्बन्ध धेरै हदसम्म सौहार्दपूर्ण र सहयोगी पनि रहेको छ । साथै हालैका वर्षहरूमा दुवै पक्षले सहयोगका धेरैजसो क्षेत्रमा विशेष गरी विकासको क्षेत्रमा साझेदारी तीव्र पारेको दाबी गरेका छन् ।

भर्खरै राष्ट्रपति सोलिहले पदभार ग्रहण गरेपछि अगस्त १ देखि ४ सम्म तेस्रोपटक भारतको भ्रमण गरेका थिए।

उक्त भ्रमणका क्रममा थुप्रै महत्त्वपूर्ण सम्झौता र समझदारी ज्ञापन (एमओयू) को घोषणा गरिएको थियो ।

यसैबीच पाकिस्तान र श्रीलङ्का सरकारले पनि एक चीन नीतिप्रति आफ्नो प्रतिबद्धता दोहोर्‍याइसकेका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – नारीसुख |
| मिथुन – धनलाभ | कर्कट – ज्ञानोदय |
| सिंह – वाहनकष्ट | कन्या – राज्यलाभ |
| तुला – धनलाभ | वृश्चिक – अन्नलाभ |
| धनु – बेचैनी | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – ईश्वरभक्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं ।
वीरगंज महानगरपालिका

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## स्तनपानबारे शिक्षिकाहरूसँग अन्तर्क्रिया

प्रस, वीरगंज, २२ साउन/

नेपाल मेडिसिटी वयोधा अस्पतालमा शिशु स्तनपानबारे विभिन्न विद्यालयका शिक्षिकाहरूसँग अन्तर्क्रिया भएको छ ।

१ देखि ७ अगस्तसम्म साप्ताहिकरूपमा मनाइएको विश्व स्तनपान दिवसको अवसरमा स्तनपानबारे जनचेतनामूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। आइतवार आयोजित कार्यक्रममा दिल्ली पब्लिक स्कूल, डिएभी स्कूलगायत अस्पतालमा उपचार गराउन आएका महिलाहरूलाई समेत कार्यक्रममार्फत स्तनपानबारे जानकारी गराइएको थियो।


तस्वीरः सौजन्य

अस्पतालका बालरोग विशेषज्ञ डा आनन्द रौनियारले स्तनपानका फाइदा, आवश्यकता, आमा र बच्चाको स्वास्थ्यमा स्तनपानको महत्त्वबारे जानकारी गराएका थिए। अन्तर्क्रियामा सविना रेग्मी, अस्पतालका प्रमुख विजय रिमाल, डा अभिषेक सिंह, डा रुविना ताम्राकार गुरुङ, डा श्वेता झालगायतको सहभागिता थियो ।

### विद्यालय खुले पनि.....

अस्तव्यस्तताको सम्पूर्ण जिम्मेवारी नगर कार्यपालिकाको कार्यालय र नगर नेतृत्व हुनेछ ।"

यता नगरको शिक्षा, युवा तथा खेलकूद शाखाका प्रमुख गणेश दाहाल नगर कार्यपालिकाले नगर शिक्षकको म्याद थप नगरेपछि परिपत्र गर्नाको विकल्प नरहेको बताउँछन्। "मैले लहडमा हाजिर नगराउनु भन्ने परिपत्र त गरेको हैन नि !" उनी सञ्चारकर्मीको जिज्ञासामा भन्छन्, "सबै कुरा कार्यालयको अनुशासन र मर्यादाभित्र रहेर आदेश अनुसार गरिएका हुन्।" यसअघि नयाँ आर्थिक वर्षको प्रारम्भमैं नगर कार्यपालिका र वडा कार्यालयमा करारमा कार्यरत कर्मचारीको म्याद नथपिने जनाएको कार्यालयले अहिले गर्मी बिदापछि विद्यालय खुल्नुपूर्व नगर शिक्षकमाथि पनि लफडा बढाएको यहाँका शिक्षाविद् बताउँछन् ।

नयाँ नगर नेतृत्वले करारका कर्मचारीको म्याद नथप्दा अहिले अधिकांश वडा कार्यालयमा जनशक्तिको अभावले काम ठप्प छ । "म सम्पत्ति कर तिर्न वडा कार्यालयमा कैयौंपटक पुगें, तर कर असुली शाखाका कर्मचारी नहुँदा त्यत्तिकै घर फर्केको छु," बर्दिबास–२ का सेवाग्राही शोभा उपाध्याय भन्छिन्, "कार्यालयमा काम नभएर सर्वसाधारण घर फर्कने स्थिति त हुनुभएन नि !"

करारका कर्मचारीको प्रबन्धविना नै पुरानालाई विस्थापन गरिंदा कार्यालयका काम अल्झेकै बीच अब विद्यालयमा पठनपाठनमा पनि समस्या हुने देखिएको छ ।

विद्यालयको हकमा त शिक्षकसम्बद्ध सङ्घसङ्गठनले परिपत्रविरुद्ध थप आन्दोलनका कार्यक्रम गर्ने सङ्केत गरेका छन् । "हामी सबै शिक्षकसम्बद्ध सङ्घसङ्गठनका प्रतिनिधि बस्दैछौं, अनि परिपत्रको निकासबारे संस्थागत धारणा बन्छ," नेपाल शिक्षक महासङ्घ बर्दिबास नगर समितिका अध्यक्ष सुनकुमार स्याङ्तान बताउँछन् ।

यसैबीच नगरका बुद्धिजीवी र शिक्षाविद्हरूले विद्यालयको अवस्था बिग्रन नदिन नगर नेतृत्व, नगर कार्यपालिकाको कार्यालय र सम्बद्ध शिक्षक सङ्घसङ्गठन र आम नगरवासीमा तत्काल पहल गर्न आग्रह गरेका छन् ।

## परवानीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा
मधेस प्रदेश (नेपाल)

### करार सेवामा पदपूर्ति गर्नेसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मितिः २०७९/०४/२३ गते)

प्रस्तुत विषयमा यस परवानीपुर गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार संयोजक, प्राविधिक सहायक र रोजगार सहायकको करार सेवामार्फत पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले १५ (पन्ध्र) दिनभित्र तल उल्लिखित कागजात र राजस्व बुझाएको रसिद संलग्न राखी यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग सङ्ख्या |
|---|---|---|---|---|
| १. | ०१।२०७९।८० | रोजगार संयोजक | अधिकृत स्तर छैटौं | १ (एक) |
| २. | ०२।२०७९।८० | प्राविधिक सहायक | सहायक स्तर पाँचौं | १ (एक) |
| ३. | ०३।२०७९।८० | रोजगार सहायक | सहायक स्तर पाँचौं | १ (एक) |

**१. रोजगार संयोजकको लागि आवश्यक न्यूनतम योग्यता र अनुभवः–**
- क. नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,
- ख. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
- ग. भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारबाई नभएको,
- घ. नैतिक पतन, फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,
- ङ. नेपाल सरकारद्वारा सञ्चालित कार्यक्रम वा साबिकका स्थानीय निकाय वा हालका स्थानीय तहहरूमा जुन तहको रोजगार संयोजकको पदका लागि विज्ञापन गरिएको हो, सोही सरहको पदमा कम्तीमा दुई वर्ष काम गरेको अनुभव ।

**२. प्राविधिक सहायकको लागि आवश्यक न्यूनतम योग्यता र अनुभवः–**
- क. सिभिल इन्जिनीयरिङमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण,
- ख. (अनुभव र सीप) प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।
  - कम्तीमा तीन महीने तालीम लिई आधारभूत कम्प्युटर सीप भएको,
  - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धसम्बन्धी सीपसहित कम्तीमा ६ महीनाको अनुभव भएको,
- ग. उमेर कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

**३. रोजगार सहायकको लागि आवश्यक न्यूनतम योग्यता र अनुभवः–**
- क. नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको,
- ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
- ग. आधारभूत कम्प्युटर सीपसम्बन्धी कम्तीमा तीन महीनाको तालीम लिएको,

**४. दरखास्त पाइने र दिने स्थानः–** परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लिपनीमाल, बारा ।

**५. दरखास्त दिने अन्तिम मितिः–** सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन ।

**६. आवेदन दस्तुरः–** रोजगार संयोजक रु १,०००।–, प्राविधिक सहायक रु ५००।– रोजगार सहायक रु ५००।–

**७. छनोट किमिमः–** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

**८. सेवा सुविधाः–** स्थानीय तहमा रोजगार संयोजक पदपूर्ति प्रक्रिया सम्बन्धमा प्रक्रियाको दफा १८ को १ र प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ति सम्बन्धमा प्रक्रियाको दफा ११, १२, १३ र १४ बमोजिम हुनेछ ।

**९. परीक्षाको मितिः–** योग्य ठहरिएका आवेदकहरूमध्येबाट प्रारम्भिक योग्यताक्रमको आधारमा मिति तोकी लिखित परीक्षाको सूचना प्रकाशन गरिनेछ ।

**१०. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातः–** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, सम्पूर्ण आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कम्प्युटर तालीमसम्बन्धी प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभवसम्बन्धी प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो तीन (३) प्रति ।

नोटः– दरखास्त फाराम, पाठ्यक्रम यस कार्यालयको वेबसाइट www.parwanipurmun.gov.np वा www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# जीराभवानीमा पहिलो व्यावसायिक पाडापालन


तस्वीरः प्रतीक

ओमप्रकाश चौधरी, सेढवा, २२ साउन/

पर्साको जीराभवानी गाउँपालिकामा जिल्लाकै पहिलो व्यावसायिक पाडा फार्म सञ्चालनमा आएको छ। दुई महीनाअघि जीराभवानी गापा–१ पिपरा टोलमा स्थानीय जीतेन्द्र यादवले पाडा फार्म शुरू गरेका हुन् ।

ओम एकीकृत कृषि तथा पशुपक्षी फार्मको नामबाट कुखुरापालन गर्दै आएका यादवले यस वर्षदेखि व्यावसायिक पाडा तथा मत्स्य पालन शुरू गरेका हुन् ।

यस फार्ममा अहिले ५६ वटा पाडा पालन गरिएको उनले बताए । देशका मुख्य शहर काठमाडौं, पोखरा, हेटौंडालगायत ठूला शहरमा पाडाको मासुको माग बढेकाले पाडापालनको सुरुआत गरेको यादवले बताए । पाडापालन सफल भए २०० वटा पाडा पाल्ने लक्ष्य रहेको उनले बताए ।

पाडाका लागि डेढ बिघामा घाँसखेती गरेका तथा मलमूत्र व्यवस्थापनका लागि चार बिघा क्षेत्रफलको पोखरी भाडामा लिई मत्स्यपालन पनि शुरू गरेको यादवले बताए ।

पशुमा वातावरण परिवर्तनसँगै विभिन्न रोगको प्रकोप आइरहने हुँदा उपचारका लागि पशु चिकित्सकको व्यवस्था मिलाइएको तथा सम्पूर्ण पाडाको बीमासमेत गरेको यादवले बताए ।

यस क्षेत्रमा पर्सा राष्ट्रिय निकुञ्जको बफरजोन तथा राष्ट्रिय जङ्गलको पर्ती परात रहेकाले पशुपालन गर्न सहज छ । विगत वर्षौंदेखि यस क्षेत्रका शान्तिनगर, पिपरा, काठमाडौंटोल, वसन्तपुरका सर्वसाधारणले पाडा, भैंसी, बाख्रालगायत पशु पाल्दै आएका छन् ।

# पत्रकार प्रशिक्षण कार्यक्रम सम्पन्न

प्रस, बारा, २२ साउन/

बाराको सिमरामा पत्रकार प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । मानव अधिकार पत्रकार सङ्घ (हुर्जा)को आयोजनामा प्रशिक्षण कार्यक्रम भएको हो ।


तस्वीरः प्रतीक

प्रशिक्षण कार्यक्रममा खोज पत्रकारिता केन्द्रकी पूर्वअध्यक्ष नम्रता शर्मा, ईकागजका सम्पादक हरिबहादुर थापा, हुर्जाका अध्यक्ष घनश्याम खड्काले सहजीकरण गरेका थिए ।

सहभागीसँग मधेसमा मानव अधिकारका सवालहरू, मधेसमा पत्रकारले उठाउनुपर्ने विषयहरू, आवाजविहीनको आवाज कसरी उठाउनेलगायत विषयमा छलफल भएको प्रशिक्षण कार्यक्रमकी स्थानीय संयोजनकर्ता सुषमा शर्माले जानकारी दिइन् ।

केन्द्रकी पूर्वअध्यक्ष शर्माले पत्रकारिताको माध्यमले समाजमा विद्यमान भ्रमहरू चिर्नुपर्नेमा जोड दिइन्। “महीनावारी र गर्भवती हुनेबाहेक सबै काम महिला र पुरुष दुवैजनाले गर्न सक्छन्,” उनले भनिन्, “तर पनि समाजमा घरायसी काम महिलाले मात्रै गर्नुपर्छ भनेर सिकाइन्छ। यस्ता कुराहरू पत्रकारिताले चिर्नुपर्छ ।”

ईकागज अनलाइनका सम्पादक थापाले मधेस प्रदेशबाट घटनाका समाचार आए पनि किन भइरहेका छन् ? भनेर नआउने गरेको बताउँदै पत्रकारले कारणाको खोजी गरेर बाहिर ल्याउनुपर्नेमा जोड दिए । स्थानीय सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन कलम चलाउन उनले आग्रह गरे ।

“नीतिगत निर्णय हेर्दा सुन्दर लाग्छ, तर त्यसभित्र भ्रष्टाचार भएको हुन सक्छ,” उनले भने, “त्यस सन्दर्भमा पत्रकार सधैं चनाखो हुनुपर्छ ।”

संविधानले नै ३१ वटा अधिकारलाई नैसर्गिक अधिकारको रूपमा राखेको बताउँदै हुर्जाका अध्यक्ष खड्काले ती अधिकार जनताले प्राप्त गरे नगरेको हेरेर पत्रकारले आवाज उठाउनुपर्ने बताए।

प्रशिक्षण कार्यक्रममा मधेस प्रदेशका आठ जिल्लामा क्रियाशील १६ जना महिला पत्रकारको सहभागिता थियो ।

# आमा बेपत्ता भएपछि तीनजना बालबालिका बिचल्लीमा


रञ्जु देवी र उनका सन्तानहरू । तस्वीरः प्रतीक

प्रस, वीरगंज, २२ साउन/

वैदेशिक रोजगारको क्रममा मलेशियामा रहेका एकजना व्यक्तिकी पत्नी बेपत्ता भएपछि तीनजना बालबालिका अलपत्र परेका छन् ।

पर्सा, छिपहरमाई गाउँपालिका–४ तुलसीबर्वा निवासी जोखु महतो नुनियाकी पत्नी रञ्जुदेवी घर छाडेर दुई महीनादेखि बेपत्ता रहेको गाउँलेहरूले बताएका छन्। लामो समयसम्म मलेशियामा रोजगार गर्दै आएका जोखुले कमाएको पैसाबाट करीब १० लाख रकम र १८ धुर घडेरी गाउँमा रु चार लाखमा बन्धकी राखेर रञ्जु बेपत्ता भएको बताइन्छ ।

कसैको लहलहैमा लागेर रञ्जुले पति र बालबालिका छाडेर बेपत्ता भएको गाउँलेहरूको बुझाइ छ ।

गाउँबाट ऋण लिएर चार वर्षअघि जोखु विदेश गएका थिए । सो ऋण पनि हालसम्म चुक्ता नभएको बताइन्छ। घटनाबारे माइती पक्षलाई जानकारी दिए पनि कसैले चासो नदेखाएको स्थानीयहरूको भनाइ छ ।

# गाँजासहित सन्त र विजय पक्राउ

प्रस, निजगढ, २२ साउन/

अवैध गाँजा लुकाइछिपाइ ल्याउँदै गर्दा दुईजनासहित एउटा मोटरसाइकल इलाका प्रहरी कार्यालय, निजगढको टोलीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा निजगढ नगरपालिका–१२ रामथलीका ३२ वर्षीय सन्तबहादुर लुङ्वा र सोही ठाउँका ३० वर्षीय विजय तामाङ रहेको इप्रका, निजगढले जनाएको छ । उनीहरूलाई रतनपुर–तामागढी–निजगढ सडकखण्डको तपस्वीस्थल आसपासबाट शनिवार बिहान करीब ११ बजे दुई किलो गाँजा ल्याउँदै गर्दा प्रहरीले पक्राउ गरेको इप्रका, निजगढका निमित्त प्रमुख एवं प्रहरी नायब निरीक्षक विशाल बानियाँले बताए । प्रहरीले शङ्का लागी चेकजाँच गर्ने क्रममा अवैध गाजासहित उनीहरूलाई पक्राउ गरेको हो । बारा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।

# हात्तीले खेतबारीमा क्षति पुऱ्यायो

प्रस, ठोरी, २२ साउन/

ठोरी गाउँपालिका–३ शिकारीबासमा दुई दिनदेखि लगातार चितवन राष्ट्रिय निकुञ्जबाट आएका हात्तीले धानबालीमा ठूलो क्षति पुऱ्याएको छ ।


तस्वीरः फाइल/प्रतीक

गएराति चितवन राष्ट्रिय निकुञ्जबाट आएको हात्तीको झुन्डले स्थानीय अशोक चौधरीको १० कट्ठामा रहेको धानबाली कुल्चेर नष्ट गरेको छ। शिकारीबासका स्थानीय कृषकहरू अरूको खेतबारी अधिया तथा ठेकापाटा गरेर नै कमाउने गर्दछन् । स्थानीय कृषकहरूको धानबाली खाइदिने र कुल्चेर नोक्सान पुऱ्याउँदै आएका छन्।

जङ्गलको खुला सिमानासँग जोडिएको शिकारीबास गाउँको खेतबारीमा बर्सेनि हात्तीले नोक्सान पुऱ्याउँदै आएको छ । धानबाली बचाउन दर्जनौं किसानले अग्ला रूखमा मचान बनाउँदै खेतको हेरचाह गर्दै आएका छन् ।

# मोटरसाइकल र गाँजासहित दुईजना पक्राउ

प्रस, वीरगंज, २२ साउन/

आइतवार बिहान पन्टोका र छपकैया जोड्ने ३९३ पिलरनजीकबाट गाँजासहित एकजना पक्राउ परेका छन् ।


तस्वीरः प्रतीक

ना.१प २५०१ नम्बरको मोटरसाइकलमा सवार पर्सागढी नगरपालिका, मानव बजार निवासी ४० वर्षीय ठगनपडित थारू र १८ वर्षीय शम्भु सहनीलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले पक्राउ गरेको छ ।

चेकजाँच गर्दा शरीरमा लुकाएर राखेको अवस्थामा चार किलो गाँजासहित पक्राउ परेका दुवैजनालाई रक्सौल, हरैया थानामा बुझाइएको छ ।

## पर्साका............

तथा स्थायी कर्मचारीहरूका आआफ्ना व्यक्तिलाई यथास्थानमा राख्ने र अरूलाई हटाउने निर्णय पनि गलत भएको करारका कर्मचारीहरू बताउँछन् । एकैपटक एकै मितिमा भर्ना भएका केही कर्मचारीलाई हटाउन वा केहीलाई राख्न कुन नियमले मिल्छ भन्दै करारका कर्मचारीहरू अदालतमा पुग्ने तयारीमा जुटेका छन् ।

सो गापाको असार २५ गते बसेको पदाधिकारी बैठकले १७ जनाको म्याद थप्ने निर्णय गरेको छ ।

स्मरण रहोस्, करारका कर्मचारीहरूलाई नहटाउन सम्बन्धित मन्त्रालयले सबै पालिकामा पत्रचार गरिसकेको छ ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




## दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोगहरू लाग्न सक्छ ।

त्यसैलेः

- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं ।
- पानी उमालेर वा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पानीलाई पियुष, अक्वाटचाब्स वा क्लोरिनजन्य कुराहरू हालेर शुद्ध गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड